# वीरगंज महानगरपालिका, नगरसभाको

# सातौं अधिवेशन

|||

## आर्थिक वर्ष २०७७/०७८ को नीति, कार्यक्रम तथा बजेट

|||

२०७७ साल असार १० गते

## वीरगंज महानगरपालिका

वीरगंज, पर्सा

प्रदेश नं. २

**http//:birgunjmun.gov.np**

अध्यक्ष महोदय तथा नगरसभा सदस्यज्यूहरु,

१) देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन बलिदान दिनुहुने ज्ञात अज्ञात अमर शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनका कममा घाईते तथा अंगभंग हुनु भएका योद्धाहरुमा उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

२) कोभिड १९ कारण मानव सभ्यता माथि नै संकट देखा परेको छ । विश्वभर लाखौ मानिसहरुले ज्यान गुमाउन पुगेका छन । मानिसहरु संक्रमित हुने दर लाखौंको संख्यामा बढदो छ । कोरोना भाइरसको कारण मृत्युवरण गरेका स्वदेश तथा विदेशमा रहनु हुने नेपाली नागरिक सहित सबैमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । मृत्युवरण गर्ने व्यक्तिका परिवारजन प्रति गहिरो समवेदना प्रकट गर्दछु । कोरोना संक्रमणबाट संक्रमितहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

३) कोभिड १९ विरुद्धको अभियानमा अग्र मोर्चामा रहेर मानवीय सेवामा लाग्नुहुने चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाइकर्मी, संचारकर्मी लगायत सम्पूर्ण जनप्रतिनिधी, राष्ट्रसेवक कर्मचारी, विभिन्न सामाजिक संघसंस्था, उद्योगी व्यवसायी र नागरिक अगुवाहरुलाई समेत यस कठिन घडीमा खेल्नु भएको भूमिका प्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

४) कोरोना भाइरसको कारण उत्पन्न कठिन परिस्थितिमा महानगरपालिकाले यहाँका नागरिकको जीवन रक्षाका लागि स्वास्थ्य सामाग्री खरिदमा हातेमालो गर्न आव्हान गरेकोमा साथ सहयोग गर्ने प्रदेशसभाका माननीय सदस्यज्यूहरु, वीरगंज उद्योग वाणिज्य संघ, उद्योगी व्यवसायी, समाजसेवीहरु, विभिन्न संघसंस्था, निजी क्षेत्रबाट संचालित औद्योगीक प्रतिष्ठानहरु, बैकिङ्ग तथा वित्तिय क्षेत्रहरु, प्रमुख राजनीतिक दलका नेतृत्ववर्ग, नागरिक समाज, संचारकर्मी लगायत आम जनसमुदायबाट सम्पूर्ण आर्थिक तथा भौतिक सामाग्री उपलब्ध गराई सहयोग पुर्‍याउनु भएकोमा हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

५) कोरोना भाइरसको संक्रमण पुष्टि हुँदा सम्म बीरगंजमा संक्रमितको उपचारकोलागि अस्पतालको व्यवस्था हुन सकेको थिएन । कोभिड अस्पतालको व्यवस्थान गर्ने जिम्मेवारी बीरगंज महानगरपालिकाको थिएन । तर मध्य तराईका नागरिकलाई सस्तो र सुलभ स्वास्थ्य सेवा दिदै आएको बीरगंजको नारायणी अस्पताललाई कोभिड अस्पताल बनाउने जुन अवस्था आयो त्यसले मध्य तराईका नागरिकको स्वास्थ्य जीवनमा प्रतिकूल प्रभाव पार्थ्यो । त्यही कुरालाई दृष्टिगत गरि महानगरले कोरोना विशेष उपचारको लागि अस्थायी कोरोना अस्पताल बनाउने कुराको नेतृत्व लियो । महानगरले नागरिकको जीवन रक्षाकालागि गरेको यही पहलकदमीका कारण गण्डक अस्पताललाई कोभिड अस्पताल बनाएर नारयाणी अस्पताललाई जनरल अस्पतालको रुपमा संचालनमा ल्याउने वातावरण बन्यो । महानगरको यो अभियानमा सहयोग गर्नु हुने सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

६) क्वारेन्टिनको स्थापनाको जिम्मा महानगरपालिकाको थिएन । महानगरपालिकाको जिम्मेवारी त केवल व्यवस्थापनको लागि मात्र थियो । क्वारेन्टिन स्थापनाको जिम्मेवारी पाएको निकायले जिम्मेवारी बहन नगरेपछि यहाँका जनताको जिवन रक्षाको लागि महानगरपालिकाले नेतृत्व लिनु परेको हो । बीरगंज आयात निर्यात व्यापारको केन्द्र भएको र रोजगारीको सिलसिलामा भारतमा रहेका नेपालीहरु स्वदेश फिर्ता हुँदा प्रयोग गर्ने प्रमुख नाका समेत रहेकोले क्वारेन्टिनको व्यवस्थापन चुनौतीपूर्ण थियो । क्वारेन्टिनको व्यवस्थापनकालागि स्थान छनौटकै विषयमा कतिपय स्थानमा महानगरले अप्ठयारो परिस्थितीको सामना गर्नु पर्यो । पहिलो चरणमा महानगरपालिकाले केडिया डेन्टल अस्पताल र महानगरको वडा नं १३ मा रहेको सिद्धार्थ माविलाई क्वारेन्टिनका रुपमा स्थापना गरियो ।

७) भारतीय नागरिक बीरगंज हुदै आफ्नो देश फर्किन खोज्दा दुबै देशका सरकार प्रमुखको सहमती अनुसार उनीहरुलाई समेत क्वारेन्टिनमा राख्नु पर्ने अवस्था आयो । बीरगंजको ठाकुरराम बहुमुखी क्याम्पसमा बनाइएको क्वारेन्टिनमा उनीहरुको व्यवस्थापन गरियो । भारतबाट आउने हाम्रा नागरिककालागि अलौं, त्रिजुद्ध, सिद्धार्थ मावि लगायतका स्थानमा क्वारेन्टिनको व्यवस्थापन गरिएको छ ।

८) भारतीय नागरिकलाई पठाईएको अवस्थामा ठाकुरराम बहुमुखी क्याम्पसलाई बीरगंज बाहेक अन्य जिल्ला र पालिकाका व्यक्तिहरु राख्ने होल्डिङ क्वारेन्टिनको रुपमा उपयोग गरिएको छ । बहुवरीमा रहेको शारदा माविलाई पनि भारतीयहरुका लागि होल्डिङ क्वारेन्टिनको रुपमा व्यवस्थापन गरिएको थियो । क्वारेन्टिनको व्यवस्थापनले पनि कोरोना भाइरसको संक्रमणलाई सामाजिकीकरण हुन नदिएको प्रष्ट छ ।

९) संक्रमण नियन्त्रणकालागि निर्माण गरिएको क्वारेन्टिनको व्यवस्थापन र सुरक्षामा खटिने स्थानीय प्रशासन, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी क्वारेन्टिन निर्माणकालागि कलेज र विद्यालय उपलब्ध गराउने प्राचार्य र व्यवस्थापन समितिहरु, क्वारेन्टिनमा स्वास्थ्य सेवा दिने स्वास्थ्यकर्मीहरु, खाना खाजा उपलब्ध गराउने बिभिन्न संघ संस्थाहरु महानगर परिवार, संचारकर्मी र आम महानगरवासीमा क्वारेन्टिन व्यावस्थापनमा गर्नुभएको सबै प्रकारका सहयोग प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

१०) कोभिड संक्रमितहरुको उपचारमा संलग्न चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र सरसफाइकर्मीको मनोवल उच्च राख्नको लागि बीरगंजमा रहेको होटल कन्ट्री इन र टाउनहल पार्टी प्यालेसलाई क्वारेन्टिन बनाई खाने बस्ने व्यवस्था मिलाइएको थियो । अहिले टाउनहलको पार्टी प्यालेसमा गण्डक कोरोना अस्थायी अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र सरसफाइकर्मीलाई राखी खाना र बस्ने व्यवस्था मिलाईएको छ ।

११) कोरोना भाइरसको संक्रमण फैलिदो अवस्थामा छ, लामो समयदेखिको लकडाउनको कारण जनजीवन नै अस्तव्यस्त भैसकेको छ । यस्तो कठिन परिस्थितिमा नेपाल सरकारले निर्दिष्ट गरेको सामाजिक दूरी कायम गर्ने, मास्क लगाउने, साबुनपानीले हात धुने र सरसफाईमा ध्यान

दिई जनजीवनलाई सामान्य तर्फ फर्काउनु बाहेक हामीसँग अर्को विकल्प नरहेकोले यस कार्यमा समेत महानगरवासीको साथ सहयोग र समर्थन रहने विश्वास लिएको छु ।

१२) कोभिड अस्पतालको संचालन तथा व्यावस्थापनको जिम्मेवारी संघीय सरकारकै हो । लामो समय सम्म निजी अस्पताललाई कोभिडको रुपमा प्रयोग गर्न नसकिने हुदाँ संक्रमण रोगका लागि संघीय सरकारसँग समन्वय र सहयोगमा आफ्नो छुट्टै प्रिफेबको एकसय वेड क्षमताको कोरोना अस्पताल आउँदो आर्थिक बर्षमा महानगरपालिकाबाट निर्माण गरिनेछ ।

१३) संघीय सरकारले कोभिड विरुद्ध सर्तकता अपनाउन र आम नागरिकको जीवन रक्षाको लागि बन्दाबन्दी (लकडाउन)को आव्हान गरेको छ । जसका कारण दैनिक ज्याला मजदुरी गरी गुजारा चलाउदै आएका नागरिकको लागि पहिलो र दोस्रो चरणमा खाद्यान्न वितरण गर्ने काम सफलता पूर्वक सम्पन्न भएको छ । यस कार्यमा सहयोग पुऱ्याउने सम्पूर्ण वडाका अध्यक्ष सहित नगर सभा सदस्यज्यूहरु, सर्वदलीय संयन्त्रमा संलग्न राजनीतिक दल, गैरसरकरी क्षेत्रका प्रतिनिधिज्यूहरु, कर्मचारी साथीहरु, नगरप्रहरी लगायत सम्पूर्ण वडावासीमा धन्यवाद दिन चाहन्छु । वीरगंज महानगरपालिकाका ३२ वडाका ३५ हजार परिवारलाई वडा र महानगरपालिकाबाट समेत राहत वितरण गरिएको छ ।

१४) संवैधानिक रुपमा नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको पाँच बर्ष पुरा भएको छ । संघ, प्रदेश र स्थानीय तीनै तह संविधानले दिएको अधिकार प्रयोग गर्दै मुलुकलाई दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न प्रतिवद्ध भएर लागि परेका छन् । संविधान बमोजिम स्थानीय तहले आफ्नो अधिकार भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने गर्दछ ।

१५) नेपालको संविधानको भाग-१९ स्थानीय आर्थिक कार्य प्रणालीमा कानून बमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउने, उठाउने र ऋण लिन नपाउने व्यवस्था र नगर कार्यपालिकाले प्रत्येक आर्थिक बर्षको राजश्व र व्ययको अनुमान नगरसभामा पेश गरी पारित गराउनु पर्ने संवैधानिक व्यवस्था रहेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१ (३) मा नगर कार्यपालिकाले प्रत्येक बर्ष असार महिनाको १० गते भित्र आगामी आर्थिक बर्षको राजश्व र व्ययको अनुमान सम्वन्धित नगर सभामा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । प्रस्तुत संवैधानिक तथा कानूनी प्रावधान बमोजिम नगर कार्यपालिकाले तोकिएको समय भित्रै नगरसभामा आय व्ययको अनुमान पेश गरी कानूनी शासन तथा जनउत्तरदायी शासन व्यवस्था प्रतिको दृढ विश्वास कायमै राखेको छ ।

१६) यस अवधिमा महानगरपालिकाले लिएको नीति र कार्यक्रमबाट हासिल गरेका उपलब्धी र हाम्रो अनुभूतिका बारेमा समेत समीक्षा गर्नेछौं । साथै आर्थिक बर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम यस गरिमामय सातौं अधिवेशनमो प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभूति भैरहको छ ।

**गत आर्थिक बर्ष २०७५/०७६ को यथार्थ**

अध्यक्ष महोदय,

१७). अब म आर्थिक वर्ष २०७५/०७६ को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्न गइरहेको छु। आर्थिक वर्ष २०७५/०७६ का लागि रु ५ अर्ब ०९ करोड २७ लाख ९० हजारको कुल व्ययको अनुमान गरिएकोमा आर्थिक वर्षको अन्त्यमा यथार्थमा रु. ३ अर्ब ४५ हजार ८ सय ४० चालिस अर्थात् ५८.९१ प्रतिशत कुल व्यय भएको छ। जस मध्ये पुँजीगत तर्फ रु ३ अर्ब ६४ करोड ७२ लाख ८२ हजारको व्ययको अनुमान गरिएकोमा यथार्थमा रु. १ अर्ब ९७ करोड ९८ लाख ८१ हजार अर्थात ५४.२८ प्रतिशत व्यय भएको छ। त्यसैगरी चालू खर्चतर्फ रु. १ अर्ब ४४ करोड ४८ लाख ०८ हजारको व्ययको अनुमान गरिएकोमा यथार्थमा ९८ करोड ७१ लाख ४९ हजार ६ सय २० अर्थात ६८.३२ प्रतिशत व्यय भएको छ। वित्तीय व्यवस्था तर्फ रु. ३ करोड ८६ लाख २५ हजारको अनुमान गरिएकोमा यथार्थमा रु. ३ करोड ३० लाख ८५ हजार अर्थात् ८५.६६ प्रतिशत व्यय भएको छ। उक्त आर्थिक वर्षमा संशोधन सहित आन्तरिक आयतर्फ रु. ५८ करोड १६ लाख ७३ हजार अनुमान गरिएकोमा यथार्थमा रु.४३ करोड ६८ लाख ७५ हजार आय प्राप्त भई ७५.१० प्रतिशतले प्रगति भएको छ।

**चालू आर्थिक वर्ष २०७६/०७७ को समीक्षा**

अध्यक्ष महोदय,

१८) अब म चालु आर्थिक वर्ष २०७६/०७७ को नीति, कार्यक्रम तथा बजेटको समीक्षा प्रस्तुत गर्न गईरहेको छु। चालू आर्थिक वर्षमा कुल व्यय रु. ४ अर्ब ४८ करोड १३ लाख ४८ हजार अनुमान गरिएकोमा ११ महिनाको अवधिमा रु. २ अर्ब ११ करोड ६३ लाख ५८ हजार खर्च भई ४७.३० प्रतिशत प्रगति भएको छ। पुँजीगत तर्फ रु. ३ अर्ब ३ करोड ८९ लाख ११ हजारको व्यय अनुमान गरिएकोमा ११ महिनामा एक अर्ब १२ करोड ८३ लाख ११ हजार मात्र व्यय भई ३७.२० प्रतिशतले प्रगति भएको छ। अधिकांश योजनाहरु कार्यान्वयनको अन्तिम चरणमा भएकोले आर्थिक वर्षको अन्त सम्ममा ७० प्रतिशत खर्च हुने अनुमान छ। त्यसैगरी चालू तर्फ रु. १ अर्ब ४४ करोड २४ लाख ३७ हजार अनुमान गरिएकोमा ११ महिनामा रु. ९८ करोड ८० लाख ४७ हजार मात्र खर्च भई ६८.५० प्रतिशत प्रगति भएको छ। वित्तीय व्यवस्था तर्फ रु. ७ करोड ४० लाख अनुमान गरिएकोमा ३ करोड ६० लाख १३ हजार ऋणको सावाँ ब्याज भुक्तानी गरी ४८.६७ प्रतिशत प्रगति भएको छ।

१९) आयतर्फ संघीय सरकारवाट वित्तीय समानिकरणमा रु.४४ करोड १४ लाख प्राप्त हुने अनुमान गरिएकोमा ११ महिना सम्ममा शतप्रतिशत प्राप्त भएको, सशर्ततर्फ रु.६१ करोड २३ लाख अनुमान गरिएकोमा रु. ६१ करोड ५३ लाख ७८ हजार प्राप्त भएको। राजश्व बाँडफाँड तर्फ रु. २६ करोड ७४ लाख अनुमान गरिएकोमा रु. १५ करोड ३० लाख ४५ हजार प्राप्त भएको छ। त्यसैगरि प्रदेश सरकारवाट वित्तीय समानिकरणमा रु. १ करोड १५ लाख ७३ हजार प्राप्त हुने अनुमान गरिएकोमा शतप्रतिशत प्राप्त भएको छ। सशर्ततर्फ रु.३ करोड अनुमान



५

गरिएकोमा ७५ लाख मात्र प्राप्त भएको । त्यसैगरी विशेष अनुदानमा रु.२५ लाख र समपुरक अनुदानमा रु.३२ लाख ५० हजार रकम प्राप्त भएको छ ।

**क्षेत्रगत समीक्षा**

२०) **आर्थिक विकास क्षेत्रतर्फ** यस वर्ष नेपाल चलचित्र निर्माता संघको आयोजनामा वीरगंजमा राष्ट्रिय स्तरको चलचित्र महोत्सव गरिएको छ । वीरगंज महानगरपालिका संरक्षक रहेको उक्त कार्यक्रममा नेपाल लगायत भारतबाट आएका ख्यातीप्राप्त कलाकारहरुले आफ्नो प्रस्तुती गरेका थिए । चलचित्र महोत्सवको मुख्य उद्देश्य स्थानीय भाषाका चलचित्र र डकुमेन्ट्रीहरुको प्रवर्द्धन र व्यावसायीक रुपमा कसरी अगाडी बढाउन सकिन्छ भन्ने उदेश्यले कार्य योजना प्रस्तुत गरिएको थियो ।

विश्वमै प्रख्यात मानिने गढीमाई मेला व्यवस्थित बनाउन वीरगंज महानगरपालिकाको तर्फबाट आर्थिक र भौतिक सहयोग उपलब्ध गराई हिन्दुधर्मको आस्थाको केन्द्रको रुपमा रहेको गढीमाई मेलालाई सफल बनाउन सहयोग गरिएको थियो ।

२१) **स्वास्थ्य, शिक्षा तथा सामाजिक विकास क्षेत्रतर्फ**

- महानगरपालिकाका १५ महिना उमेर सम्म को ३१४० जना बालबालिकालाई (६१.५%) ले ११ वटा रोगको विरुद्ध पुर्ण खोप सेवा प्रदान गरिएको । दादुरा रुबेला खोप अभियान मार्फत ५ वर्ष मुनिका २७२३१ जना बालबालिकाहरुलाई (९८.५%) ले खोप उपलब्ध गराईएकोछ । राष्ट्रिय भिटामिन ए पोषण कार्यक्रम अर्न्तगत ५ बर्ष मुनिका (९३%) ले २१६११ जना बालबालिकाहरुलाई भिटामिन ए र १९४५५ (९४%) लाई जुकाको औषधि खुवाइएकोछ ।
- क्षयरोग कार्यक्रम अर्न्तगत २९९ जना नयाँ क्षयरोगी निःशुल्क उपचारमा रहेको र १३१ जना क्षयरोगीहरु निःशुल्क उपचार पुरा गरेको । २१ जना नयाँ कुष्ठ रोगीहरु पत्ता लागेको र निःशुल्क उपचार प्रदान भई रहेकोछ ।
- पाठेघर खस्ने रोगको स्क्रीनिङ्ग शिविर अर्न्तगत ३४४ जना महिलहरुको परिक्षण सम्पन्न भएको र ८ जना महिलाहरुको रिङ्ग पेसरी राखिएको र २२ जना लाई शल्यक्रियाको लागि प्रेषण गरिएको । लामो अवधि जन्मान्तरको को लागि सेटलाईट सेवा मार्फत २२ जना इच्छुक महिलाहरुलाई इम्प्लान्ट सेवा प्रदान गरिएको । परिवार नियोजनको स्थायी बन्ध्याकरण शिविर मार्फत ५१ जना सन्तानका रहर पुगी सकेका महिलाहरुलाई मिनिल्याप बन्ध्याकरण गरिएको ।

- समुदाय स्तरमा चिनीरोगको ६ स्थानमा शिविर संचालन भई ९०२ जनामा परिक्षण गर्दा ९६ जना (१०%) लाई मधुमेह, १३४ जना (१५%) लाई उच्च रक्तचाप र ३५ जना (४%) मा दुवै चीनी रोग र उच्च रक्तचाप पत्ता लागेको ।
- विपन्न नागरिक औषधि उपचार सिफारिश कार्य अर्न्तगत ९६ जना मुटुरोग ४६ जनालाई मृगौला रोग, ३७ जनालाई क्यान्सर, २ जना हेड इन्जुरी र ३ जनालाई स्पाईनल इन्जुरी गरी जम्मा १८४ जनालाई जेष्ठ मसान्त सम्म सिफारिश प्रदान गरिएको ।
- कोभिड १९ को विरुद्ध अग्रमोर्चामा काम गर्ने महानगरपालिकाका कर्मचारी र नेपाल पत्रकार महासंघ पर्सा शाखामा आवद्ध ११० जना पत्रकारहरुको कोरोना विमा गराइएको छ ।
- शैक्षिक सुधारका लागि निरन्तर अनुगमन गरिएको, ६ बटा विद्यालयहरु समायोजन गरी त्यहाँ कार्यरत शिक्षक र विद्यार्थीहरुलाई अन्य विद्यालयमा अध्ययन अध्यापन गर्ने व्यवस्था मिलाईएको छ । विद्यालयमा छात्राहरुको लागि निःशुल्क सेनेटरी प्याड, छात्रवृत्ति वितरण, विद्यालय पोशाक, व्याग र आवश्यक शैक्षिक सामाग्री वितरण, शैक्षिक क्यालेण्डर निर्माण, ३१ वटा सामुदायिक माध्यमिक विद्यालयमा सीसीटिभी जडान, ई-हाजिरीको व्यवस्था, ५५ बटा विद्यालयमा शुद्ध खानेपानीको प्रवन्ध र प्राथामिक तहका विद्यार्थीहकालागि दिवा खाजालाई निरन्तरता, विद्यालयको भौतिक पूर्वाधार निर्माण र मर्मत सम्भार लगायत विद्यालयका शैक्षिक तथा भौतिक सुधारका कार्य गरिएको छ ।
- सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणालीवाट भुक्तानी गरिएको, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागी जनचेतना मुलक तथा सीपमुलक कार्यक्रम गरिएको, अपाङ्ग परिचयपत्र नगरपालिकाबाट उपलव्ध गराउन शुरु गरिएको, संस्कृति प्रवर्द्धनका लागि आर्थिक सहयोग गरिएको, वालमैत्री शासनका लागी विभिन्न सूचकहरु पुरा गरिएको, विश्वमै ठुलो मानिने अश्वमेध महायज्ञ नेपालमा पहिलो पटक वीरगंजमा सम्पन्न गरिएको छ । महानगरपालिका भित्रका सवै वडाहरुलाई खुला दिसा मुक्त क्षेत्र घोषणा गरिएको छ ।

२३) **पूर्वाधार क्षेत्रतर्फ** वीरगंज वडा नं. २७, २८, ३० र ३१ मा पर्ने भेडाहा खोलाको कारण वर्षेनि ठूलो मात्रामा नदी कटानको कारण धनजनको क्षति हुने भएकोले उक्त क्षेत्रमा नदी नियन्त्रणको कार्य यस वर्ष समेत गरिएको छ ।

२४) त्यसै गरी मझौला शहर, एकिकृत शहरी वातावरणीय सुधार आयोजना (STIUEIP) अन्तर्गत अघिल्लो वर्ष बाँकी रहेको १.२७ किलो मिटर सहित जम्मा ९.५० किलो मिटर सडक कालोपत्रे

गर्ने काम सम्पन्न भएको छ। क्षेत्रीय सहरी विकास आयोजना (RUDP) अन्तर्गत ७० प्रतिशत काम सम्पन्न भएको छ। बाँकी रहेको ३० प्रतिशत काम पनि आउने आर्थिक वर्षको असार मसान्त सम्ममा सम्पन्न गरिने छ।

- मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना अन्तर्गत Package-I Sewerage/Drainage/Road/WWT (STIUEIP/W/BRJ/ICB-01) बमोजिमको निर्माण कार्य सम्पन्न भई सकेकोछ।
- मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना अन्तर्गत Package-II Integrated Solid Waste Management (ISWM) (STIUEIP/W/BRJ/ICB-02) को निर्माण कार्य अन्तिम चरणमा रहेको छ।

२५) **सरसफाइ, वातावरण तथा विपद व्यवस्थापन तर्फ**

- सार्वजनिक निजी साझेदारी अन्तर्गत निजी सेवा प्रदायक संस्थाबाट चालू आर्थिक वर्षको श्रावण १ गते देखि सशुल्क फोहरमैला संकलनको व्यवस्थापन गरिएको छ। सडकको फोहोर नालामा जम्मा हुंदा समस्या आउने भएकोले आउने आर्थिक वर्षदेखि ढल तथा नालाहरुको सफाइ अभियान संचालन गरिनेछ।
- भान्साघरबाट निस्कने फोहरलाई घर भित्र व्यवस्थापन गर्ने टोल विकास संस्था, निजी साझेदारी अवधारणा अनुसार कार्यक्रम संचालन गरिने नीति लिइएकोमा हाल वडा नं. ४ देखि ९ सम्म १२ हजार थान डस्टबिन र लेमिनेटेड उभेन बोरा वितरण गर्ने कार्यक्रम संचालनमा रहेको छ। यसलाई आगामी वर्ष समेत संचालन गरिनेछ।
- विपद व्यवस्थापनको हकमा यस वर्ष कोभिड-१९ संक्रमण रोकथाम एवंम् नियन्त्रणका लागि आवश्यक क्वारेन्टाइन, प्रि-आइसोलेसन केन्द्र, कोभिड अस्पताल स्थापना, RDT परीक्षण, VTM, PCR परिक्षण, Contact Tracing गर्ने तथा यस संक्रमणको रोकथामको लागि नेपाल सरकारद्वारा लगाईएको बन्दाबन्दी (Lockdown) को कारणले दैनिक मजदुरी गरि आफ्नो तथा आफ्नो परिवारको जीविकोपार्जन गर्ने ३५ हजार व्यक्ति तथा परिवारहरुका लागि दुई चरणमा खाद्यान्न एवं जीवनोपयोगी सामान वितरण गरिएको छ
- सार्वजनिक स्थल नेपाल प्रवेशद्वार शंकरचार्य गेट, सिर्सिया सुक्खा बन्दरगाह (ड्राईपोर्ट) र एकीकृत भन्सार जाँच चौकी (आइसिपी) बाट निस्कने सवारी साधन, क्वारेन्टिन, प्रि-आइसोलेसन केन्द्र तथा कोभिड-१९ अस्पतालहरुमा Disinfection, Sanitization गर्ने कार्यहरु संचालन गरिएको छ। यस कार्यलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिइनेछ।

- लामखुट्टे नियन्त्रणका लागि वडा न. १ देखि ३२ सम्म पूर्ण रुपले पहिलो चरणमा DDVP Larvicide प्रयोग गरि लार्भासाइटिंग र दोस्रो चरणमा Melathoin Adulticide प्रयोग गरि लामखुट्टे नियन्त्रण गर्ने कार्य सम्पन्न गरिएको छ।

२६) **सुशासन तथा संस्थागत विकास तर्फ**

- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई विभिन्न तालिम उपलब्ध गराइएको, सूचनाको हक बमोजिम सूचनाहरु उपलब्ध गराईएको, स्थानीय रेडियोबाट जनतासँग जनप्रतिनिधि कार्यक्रम संचालन गरी जनप्रतिनिधिलाई जनताप्रति जवाफदेही बनाइएको, वडा कार्यालयहरुमा कम्प्युटर जडान कार्य भईरहेको, विकास आयोजनामा सार्वजनिक परीक्षण अनिवार्य गरिएको, आवश्यक कानूनहरु तर्जुमा गरिएको, स्थानीय प्रशासन तथा जिल्लाका सबै स्थानीय तह र गैर सरकारी संस्थासँग समन्वय बैठक गरिएको, राष्ट्रिय विकास परिषद र अन्तर प्रदेश वित्त परिषदको मञ्चमा महानगरपालिकाको समग्र विकासका लागि बहस र पैरवी गरिएको छ।

२७) **राजश्व नीति तर्फ**

- चालू आर्थिक बर्ष ०७६/०७७ मा राजस्वको अनुमानित आय रु. ४८ करोड ६६ लाख असुली हुने अनुमान गरिएकोमा विश्व महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) महामारीका कारण हाम्रो नेपाल पनि यस महामारीको चपेटाबाट अछुतो रहन सकेन र सोको फलस्वरुप २०७६/१२/११ देखि देश नै लकडाउन (बन्दाबन्दी) भई राजस्व असुलीमा प्रतिकुल असर पर्न गई लक्ष्य बमोजिमको राजस्व असुली हुन सकेन।
- चालू आ.व.०७६/०७७ मा कूल रु.४८,६६,००,०००/- लक्ष्य राखिएकोमा २०७७ साल असार ५ गते सम्मको राजस्व असुली रु.२६,३६,८०,०३०/०७ असूली भएको हुँदा कूल अनुमानित आयको ५४.१९% मात्र राजस्व असुली भएको।

**निष्कर्ष**

२८) नगरको समृद्धि र विकासका लागि अपेक्षित नतिजाहरु देखिन अझै केही वर्ष लाग्ने भएतापनि हामीले छोटो अवधिमै हासिल गरेको उपलब्धिबाट सुशासन, विकास र समृद्धिको दरिलो आधारशीला तयार भएको छ। सीमित आर्थिक स्रोत र जनशक्तिका बावजुद आर्थिक तथा सामाजिक पूर्वाधार निर्माणका क्षेत्रमा केही महत्वपूर्ण कार्यको थालनी भएका छन्। जनताको सबैभन्दा नजिकको सरकारको रुपमा बीरगन्ज महानगरपालिका प्रति स्थानीय जनताको विश्वास र भरोसामा वृद्धि भएको छ।

**समस्या तथा चुनौतीहरु**

२९) विश्वभर महामारीको रुपमा देखापरेको कोरोना भाइरस संक्रमणको कारण वीरगंज महानगरपालिकाका अधिकांश योजनाहरु कार्यान्वयनमा ल्याउन सकिएन । २०७६ माघ महिनामा नेपालमा पहिलो पटक कोरोना संक्रमित भेटिएपछि सरकारले भीडभाड नगर्न र सचेतना अपनाउन दिएको निर्देशनपछि कोरोना विरुद्धको अभियानमा जुट्नु पर्ने स्थितिका कारण विकास निर्माणका काम ठप्प गर्नु पर्ने अवस्था श्रृजना भयो ।

३०) स्थानीय तह अन्तरगत समायोजन भएर आउनु पर्ने जनशक्ति दरवन्दी अनुसार हालसम्म आउन नसक्दा छिटोछरितो सेवा दिन नसकिएको, केही विषयगत कार्यालयहरु अहिले पनि संघीय सरकारको अधिनमा रहेको, महानगरलाई हस्तान्तरण गर्नुपर्ने केही विषयगत कार्यालय र दायित्व अहिले सम्म हस्तान्तरण गरिएको छैन ।

३१) महानगरपालिकाले अनेकौ चुनौतीहरु पनि सामना गरिरहेको छ । महानगरको ग्रामीण तथा शहरी क्षेत्रको संरचनात्मक द्वन्द्व, तीन तहका सरकारहरु बीचमा समन्वयको अभाव, विकासमा स्थानीय जनताको सहभागिता र योगदानको अभाव, सबै कुरामा महानगरपालिकाको मुख ताक्ने प्रवृत्ति, जनताहरुको बढ्दो आकांक्षा तथा अपेक्षा पूरा गर्न आवश्यक श्रोत र साधनको कमी, मानव विकासको कमजोर अवस्था र यी सबैलाई सम्बोधन गर्ने हाम्रो संस्थागत क्षमताको कमी जस्ता चुनौतीहरु देखा परेका छन् ।

३२) महानगरपालिका भित्र बसोबास गर्ने सबै नागरिकलाई करको दायरामा ल्याउन नसक्नु, नगरवासीमा ***कर तिर्नुपर्छ*** भन्ने भावनाको विकास नहुनु, नक्सापास विना आवासीय र व्यापारिक प्रयोजनका लागि भवनहरु निर्माण गरिनु, विकास निर्माणका काम र सरसफाईको क्षेत्रमा नागरिकले आफ्नो कतर्व्यवोध नगर्नु नै मुख्य चुनौतीको रुपमा देखिएको महशुस गरेको छु ।

३३) आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा हाम्रो आर्थिक सामाजिक स्थिति मध्य नजर गर्नुपर्ने देखिन्छ । आर्थिक वर्ष २०७६/०७७ को आर्थिक सर्वेक्षण अनुसार प्रदेश नं. २ मा १९.८ प्रतिशत जनसंख्या गरिबीको रेखामुनी रहेका, बहुआयमिक गरिबी दर ४७.९ प्रतिशत, बेरोजगारी दर सबै भन्दा बढी २०.१ प्रतिशत, साक्षरता दर ४०.९ प्रतिशत र मानिसको अपेक्षित आयु ६७.८ वर्ष रहेको छ । राष्ट्रिय स्तरमा मानव विकासको सूचकाङ्क ( HDI) ०.५७४ पुग्दा यस प्रदेशको ०.४८५ पुगेको छ । यस महानगरको करिब ७० प्रतिशत भू-भाग ग्रामिण क्षेत्र रहेको हुँदा हाम्रो विकासको स्थितिमा पनि खासै भिन्नता भएको देखिएको छैन ।

**आगामी आर्थिक वर्ष २०७७/०७८ को नीति, बजेट तथा कार्यक्रम**

**अध्यक्ष महोदय तथा नगर सभा सदस्य ज्यूहरु,**

३४) अब म आगामी आर्थिक वर्ष २०७७/०७८ को नीति, बजेट तथा कार्यक्रम सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु । आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा

नेपालको संविधानको राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व एवं नागरिकका मौलिक हकलाई मुख्य आधारको रुपका लिएको छ । त्यसैगरी नेपाल सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति, बजेट तथा कार्यक्रमलाई पनि मुख्य आधार लिएको छ। पन्ध्रौ योजनाले लिएका विकासका दीर्घकालिन लक्ष्यहरु र दिगो विकासका लक्ष्यहरु हासिल गर्नेतर्फ विशेष ध्यान दिईएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकार वित्त व्यबस्थापन ऐन २०७४, र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४, लाइ पनि कानुनी आधारको रुपमा लिईएको छ। प्रदेश सरकारको नीति तथा बजेट पनि यसको आधार रहेको छ। स्थानीय जनताहरुको आकांक्षा, जनताले भोग्नु परेका समस्या, क्रमागत ठूला परियोजनाहरु र उपलब्ध श्रोत साधन निर्णायक आधारहरु हुन्। कर सुधार सुझाव कार्यदल, राजश्व परामर्श समिति, पूर्व बजेट छलफल, विभिन्न संघ संस्था, राजनीतिक दलहरु, नागरिक समाज र विद्वतवर्गबाट प्राप्त रचनात्मक सुझावहरुलाई नीति तथा कार्यक्रम र बजेटमा समेट्ने प्रयास गरेको छु।

३५) नीति तथा कार्यक्रमसँग सरोकार राख्ने राजनीतिक दल, उद्योग वाणिज्य संघ, वस्तुगत संघहरु, नागरिक समाज र संचारकर्मीसँग छलफल गरिएको छ । यस पटक कोरोना भाइरसको संक्रमणको त्रासका कारण अघिल्लो वर्षमा जस्तो धेरै क्षेत्रसँगको प्रत्यक्ष अन्तरसंवाद गर्न सकिएन । तैपनि बजेटमा महानगरवासीको अपेक्षालाई सम्बोधन हुने गरी नीति तथा कार्यक्रम राख्ने प्रयास गरिएको छ।

३६) आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा वडा स्तरदेखि नै समावेशी, सहभागितामुलक योजना पद्धति अवलम्बन गर्ने प्रयत्न गरिएको छ। कार्यपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समितिहरुमा छलफल भई योजना प्राथमिकिकरण गरिएको र कार्यपालिकाबाट पारित गरेपछि सम्मानित सभामा पेश गरिएको छ । यसबाट स्थानीय जनता र जनप्रतिनिधिहरुमा अपनत्व र उत्तरदायीत्वको भावना विकास हुने विश्वास गरिएको छ।

## महानगरको सोच

'समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो। राष्ट्रिय आकांक्षा पूरा गर्न आगामी २५ वर्षको दीर्घकालीन सोचको प्रारुप तयार गरीएको छ। राष्ट्रिय आकांक्षासँग सामन्जस्यता राख्दै वीरगंजको दीर्घकालीन समृद्धिका लागि एकीकृत विकास योजना तयार गर्ने र यसलाई मध्यकालीन रुपमा आवधिक योजनाद्वारा कार्यान्वयन गर्ने हाम्रो रणनीति रहेको छ । अबको विकासको कार्यसूची सुशासन, विकास र समृद्धि रहेको छ । यही नै हाम्रो गन्तव्य हो । यसका लागि अल्पकालीन योजनाको रुपमा वार्षिक नीति, कार्यक्रम र बजेट प्रस्तुत गरिएको छ

## बजेटको उद्देश्य

३७) अब म आगामी आर्थिक वर्षको बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु। बजेटका उद्देश्यहरु निम्न अनुसार रहेका छन्।

- कोभिड १९ बाट महानगर लगायत आसपासका क्षेत्रलाई मुक्त गरी Green Zone बनाउनु ।
- महानगरपालिकाको लागि आवश्यक न्यूनतम पूर्वाधारहरु निर्माण गर्दै महानगरलाई सभ्य र समृद्ध बनाउनु ।
- मानव विकासको विभिन्न आयामहरुमा जोड दिई नगरवासीको जीवनस्तरमा गुणात्मक सुधार गर्नु ।
- पिछडिएको वर्ग तथा समुदायका लागि सामाजिक न्याय सहितको आर्थिक विकास गर्नु ।
- सुशासन तथा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।
- कृषि तथा औद्योगिक क्षेत्रको उत्पादनमा सहयोग पुऱ्याई रोजगारी र आय अभिवृद्धि गर्नु
- विकास निर्माणमा जनसहभागीता वृद्धि गराउनु ।

प्राथमिकता

**३८) बजेटका उद्देश्यहरु हासिल गर्न देहायबमोजिम प्राथमिकता निर्धारण गरिएको छ ।**

- कोभिड १९ महामारीले निम्त्याएको विपदबाट वीरगंज महानगरका नागरिकलाई मुक्त गर्नु पहिलो कार्यभार हो । कोरोना भाइरसको संक्रमणबाट तत्काल समाजलाई पूर्णरुपमा सुरक्षित राख्न सक्ने अवस्था देखिदैन त्यसैले ***एक घर एक व्यक्ति*** कोरोनाको पीसीआर विधिबाट परीक्षण गरी समुदायलाई सुरक्षित बनाई जनजीवनलाई सामान्य अवस्थामा ल्याउनु अहिलेको मुख्य प्राथमिकता हो ।
- वीरगंजमा पीसीआर मेशिन, भीटीएम किट लगायत कोरोना परीक्षणमा आवश्यक पर्ने स्वास्थ्य सामाग्री खरिदका लागि वीरगंज महानगरपालिकाको आव्हानमा स्थानीय तह, वीरगंज उद्योग वाणिज्य संघ, वरिष्ठ उद्योगी व्यवसायी, समाजसेवी, विभिन्न बैंक तथा वित्तीय संस्थाहरु, सहकारी संस्थाहरु, उद्योग प्रतिष्ठानहरु, सामाजिक संघ संस्थाहरु, प्रदेशसभा सदस्यज्यूहरु, कर्मचारीवर्ग, जनप्रतिनिधि र व्यक्तिहरुले उपलब्ध गराएको रकमबाट पीसीआर मेशिन खरिद भई नारायणी अस्पताललाई हस्तान्तरण गरिएकोले परीक्षणको दायरा बढाउन जनशक्तिलाई तालिम दिएर स्वाब (न्याल) नमूना संकलनका लागि पठाईनेछ ।
- कोभिडको कारण विद्यालय बन्द रहँदा अप्ठ्यारोमा परेका बालबालिकाहरुलाई विभिन्न माध्यमबाट अध्ययन अध्यापन गराउने विषय
- आधारभूत तथा माध्यामिक शिक्षा र शिक्षाको गुणस्तर सुधार

- छुट्टै परिक्षा केन्द्रको निर्माण
- कोभिडको कारण नियमिति हुन नसकेको स्वास्थ्य परिक्षण तथा आधारभूत स्वास्थ्य, खोप र पोषण
- स्वच्छ खानेपानी, ढल तथा सरसफाई र फोहोर व्यावस्थापनका कार्यक्रम
- कृषि, सिंचाई, पशुपालन र पर्यटन
- युवा तथा खेलकुदको बिकास
- लैङ्गिक समानता, महिला सशक्तिकरण तथा सामाजिक समावेशीकरण
- जोखिममा परेका महिला, बालबालिका, ज्येष्ठनागरिकको लागि एकीकृत सहायता केन्द्र भवनको निर्माण
- सुशासन र गुणस्तरीय सेवा प्रवाह
- अधुरा आयोजनाहरुको कार्यान्वयन
- उज्यालो वीरगंज अभियान
- हरित वीरगंज अभियान
- अस्पतालबाट निस्कने संक्रमणजन्य फोहोरको व्यावस्थापन
- सडक पूर्वाधारहरुको विकास तथा स्तरोन्नती
- कुहिने फोहोरबाट जैविक मल र बायो ग्याँसको उत्पादन

**सभाका अध्यक्ष महोदय**

अब म आगामी आर्थिक वर्ष २०७६/०७७ का क्षेत्रगत प्रमुख नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

३९) **आर्थिक विकास क्षेत्र**

- तरकारी, फलफूल, माछा, मासु पसललाई व्यवस्थित गर्न छुट्टै बजार विकास गरिनेछ ।
- दुध, अण्डा तथा मासुको उपलब्धता बढाउन नश्ल सुधार कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ । साथै बालीको बीऊ प्रतिस्थापन दरमा उल्लेख्य वृद्धि गर्दै लगिनेछ ।
- पशु बजारका लागि उपयुक्त हाटबजार स्थापना गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ । वीरगंजको विभिन्न स्थानमा स्वस्थकर पशु वधशाला निर्माण गर्न व्यवसायीलाई प्रोत्साहन गरिनेछ ।
- उन्नत मल, बीऊ बीजन, साना सिंचाई, र निःशुल्क माटो परिक्षणको व्यवस्था गरि कृषि उत्पादनमा सहयोग पुऱ्याईनेछ ।
- निजी तथा सहकारी क्षेत्रसँगको सहकार्यमा गुणस्तरीय कृषि सामाग्रीको उपलब्धता सुनिश्चितता गरिनेछ ।

- ट्रान्सपोर्ट सेवालाई व्यवस्थित गर्न आर्दशनगरबाट उपयुक्त ठाउँमा लैजान वीरगंज उद्योग वाणिज्य संघ र सम्बन्धित व्यवसायीसंघसंग समन्वय गरि सार्वजनिक निजी साझेदारीमा ट्रान्सपोर्ट नगरको विकास गरिनेछ ।
- पानीको स्रोत न्यून हुने तथा वर्षदिनभरी सिंचाई उपलब्धता हुन नसक्ने क्षेत्रमा सिंचाई सेवा पुऱ्याउन भूमिगत जलस्रोतको उपयोग गरिनेछ ।
- भू-उपयोग नीति अनुसारको भूमिको वर्गीकरण गरी कार्यान्वयनमा ल्याइने छ । साथै भू उपयोग नक्शा तथा डाटा समेतको आधारमा भू-उपयोग योजना तर्जुमा गरी आवश्यक्ता अनुसार कार्यान्वयनमा ल्याईनेछ ।
- भू-उपयोग ऐन कार्यान्वयनमा ल्याईनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम, Sip Challenge Fund, जनसहभागितामा आधारित विकास कार्यक्रम र व्यवसायिक सीप विकासको माध्यमबाट रोजगारी सृजना तथा प्रवर्द्धन गरिनेछ ।
- बेरोजगार युवाहरुलाई लक्षितगरी स्वरोजगारमूलक प्राविधिक शिक्षालय (अमिन, जेटिए, भेटनरी, विजुली, डकर्मी, सिकर्मी, धारा मिस्त्री) संचालन गर्न संघीय सरकार र CTEVT सँग समन्वय गरिनेछ । त्यस्ता विषयका कक्षाहरु संचालन गर्न आवश्यक भौतिक पूर्वाधार तयार गरिनेछ ।
- पर्यटन प्रवर्द्धनका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय संचारमाध्यमसँगको साझेदारीमा सचेतना र सूचनामुलक कार्यक्रम संचालन गरिनेछ
- महानगरपालिका भित्रका पशुपालक किसानहरुलाई विभिन्न किसिमका औषधिहरु वितरण गरिनेछ ।
- कृषिको आधुनिकिकरण, यान्त्रिकरण र व्यवसायीकरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धिमा जोड दिइनेछ । व्यवसायिक, सामूहिक, सहकारी तथा करार खेतीमा युवाहरुलाई प्रोत्साहित गरिनेछ ।
- सबै प्रकारका जमिनको पूर्ण प्रयोग गर्दै नदी किनारका जमिन, बाँझो जमिनमा फलफूलको खेती गरी फलफूलको उत्पादन बढाइनेछ ।
- बाँझो निजी जमिन, सार्वजनिक खुला क्षेत्रमा विभिन्न फलफूलका विरुवाहरु खेती गर्न सर्वसाधारण व्यक्ति तथा समूहलाई प्रोत्साहन गर्न अनुदान दिइनेछ ।
- कृषिजन्य मुख्य खाद्यन्नबालीहरुको उत्पादनमा वृद्धि गरी वीरगंज महानगरपालिकालाई आत्मनिर्भर बनाईनेछ ।
- उच्च मूल्यका नगदे बालीहरु तथा बेमौसमी तरकारी खेती गर्न युवा तथा समूहलाई आकर्षित गरिनेछ ।
- 'एक वडा एक उत्पादन पकेट क्षेत्र कार्यक्रम' अन्तर्गत कुनै एक वडालाई छनौट गरी सम्बन्धित वडालाई पकेटक्षेत्र बनाई बालीको उत्पादकत्व बढाई निकासी गरिनेछ ।

- महानगरपालिका भित्र देखिएको कृषि सिंचाई समस्या समाधानको लागि कृषक समूहलाई परिचालन गरी अनुदानमा सिंचाई सुविधा उपलब्ध गराईनेछ ।
- विदेशबाट फर्किएका बेरोजगार युवाहरुलाई व्यावसायिक तरकारी खेती गर्नमा आवश्यक मल, बिऊ र बिषादीमा अनुदान दिई बेरोजगारी समस्या कम गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत दैनिक ज्यालादारी गरी जिविकोंपार्जन गर्दै आईरहेका परिवारहरुलाई काममा आधारित रोजगारमा संम्लग्न गरिनेछ ।
- कौसी खेती गर्ने इच्छुक व्यक्तिलाई आवश्यक सामग्रीहरु अनुदानमा वितरणको व्यावस्था मिलाईनेछ ।
- ग्रामीण तथा सहरमा बस्ने अति विपन्न महिला अथवा दलित महिलाको आर्थिक स्थिति सुधार गरी महिलाको आय आर्जन बढाउनमा व्यावसायिक च्याउ खेतीमा प्रोत्साहन गरिनेछ ।
- पशुमा नश्ल सुधारका लागि कृत्रिम गर्वधान सेवा वडा स्तरबाट दिइनेछ साथै कृषकहरुलाई निःशुल्क विकासे (hybrid) घाँसको बिऊ बितरण गरिनेछ ।

४०) **सामाजिक विकास क्षेत्र**

- स्वास्थ्य, पोषण प्रजनन् स्वास्थ्य जस्ता आधारभूत सेवाहरुलाई महानगरपालिकाले अपनत्व लिई प्रभावकारी रुपले गुणस्तरीय सेवा संचालन गरिने छ ।
- मातृशिशु, नवजातशिशु, खोप, पोषण र प्रजनन् स्वास्थ्य सेवालाई निरन्तरता दिदै आधारभूत तथा आकस्मिक सेवाका लागि निःशुल्क औषधि आपूर्ति गरिनेछ ।
- अति विपन्नबर्ग र समुदायका लागि प्रत्येक दुई-दुई महिनामा विशेषज्ञ घुम्ती स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- आमा सुरक्षा कार्यक्रम तर्फ नारायणी अस्पतालबाट प्रसूती सेवा लिंदा विपन्न महिलाहरुलाई ब्लड बैंकबाट निःशुल्क रगत उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- गर्भवती र उत्तर प्रसुती सेवा लगायत नवजात शिशु सेवालाई घरदैलो सम्म स्थानीय जनप्रतिनिधिहरुको समन्वय र सहयोगमा सेवा संचालन गरिने छ ।
- स्वास्थ्य संस्था र समुदाय स्तरमा नियमित रुपमा अनुगमन कार्यलाई अभियानको रुपमा संचालन गरि कुपोषित बालबालिकाहरुको पहिचान र पोषण शिक्षाको साथ उपयुक्त व्यवस्थापन गरिनेछ ।
- प्रतिजैविक प्रतिरोधको न्यूनिकरण, एण्टीबायोटिक दुरुपयोगको नियन्त्रण गर्न प्रभावकारी कार्यक्रम संचालन गरिने छ ।
- महिलाहरुमा बढ्दो क्रममा रहेको स्तन क्यान्सर र सर्भाइकल क्यान्सर पाठेघर खसेको पहिचान गरी त्यस्ता रोगहरुको निःशुल्क परीक्षण गर्न स्वास्थ्य शिविर मार्फत संचालन गरिनेछ ।

- महानगरपालिकाको शहरी क्षेत्रमा स्वास्थ्य केन्द्र नभएका वडामा स्थापना हुने आधारभूत स्वास्थ्य सेवा केन्द्र मार्फत आधारभूत स्वास्थ्य सेवाहरु संचालन हुनेछ।
- स्वास्थ्यको प्रमुख समस्याको रुपमा बढ्दै गएको नसर्ने तथा दीर्घ रोगहरु लगायत मानसिक रोगको रोकथाम नियन्त्रण तथा उपचार सेवालाई प्रभावकारी रुपमा स्वास्थ्य संस्था र समुदाय स्तरमा क्रमश: कार्यान्वयन गरिदै लगिने छ।
- आकस्मिक र सुत्केरी सेवालाई सर्वसुलभ बनाउन एम्बुलेन्स सेवाको व्यवस्थापन गरिने छ।
- जीर्ण अवस्थामा रहेका स्वास्थ्य संस्थाहरुको पहिचान गरी स्वास्थ्य चौकी भवनहरुको निर्माण गर्न संघ र प्रदेश सरकारसँग पहल गरिनेछ र स्थानीय तहबाट समेत प्राथमिकतामा राखिनेछ।
- समुदाय स्तरमा शंकास्पद् क्षयरोगीहरुको खकार संकलन र छाला रोग सम्बन्धी शिविर संचालन गरी क्षय तथा कुष्ठ रोगीहरुको संक्रमणमा कमी ल्याईने छ।
- कोरोना, डेंगु, लगायत स्क्रब टाईफस जस्ता रोगहरुको महामारी नियन्त्रण रोकथाम र बच्ने उपायहरुलाई जनचेतना अभिवृद्धि कार्यक्रमलाई कार्यान्वयन गरिनेछ।
- मापदण्ड पूरा नगरी संचालनमा रहेका निजी क्षेत्रका अस्पताल, क्लिनिक, प्रयोगशाला जस्ता संस्थाहरुलाई कानून बमोजिम कारवाहीको दायरामा ल्याईने छ।
- स्वास्थ्य क्षेत्रबाट निष्काशित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गरिने छ।
- महानगरपालिकाका केही वडाहरुमा घरमै सुत्केरी हुने अवस्थालाई अन्त्य गर्न शुन्य होम डेलिभरी भएको घोषणा गरिनेछ।
- आ.व. २०७७/०७८ मा वीरगंज महानगरपालिकालाई पूर्णखोप क्षेत्र घोषणा गरिनेछ।
- सुनौलो हजार दिनको महिला र बालबालिकाहरुको बहुक्षेत्रीय पोषण योजनालाई आ.व.२०७७/०७८ मा समेत निरन्तरता दिईने छ।
- महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमलाई प्रभावकारी बनाउन मासिक प्रदान गरिने सेवा सुविधामा वृद्धि गरि महिला स्वास्थ्य स्वयंसेविकाहरुको मनोबल उच्च बनाई सक्रिय रुपले परिचालन गरिने छ।
- अति बिपन्न वर्ग र समुदायका लागि हरेक तीन महिनामा घुम्ती स्वास्थ्य शिविर संचालन गरिनेछ।
- स्वास्थ्य संस्था र समुदाय स्तरमा नियमित रुपले विशेष कार्यक्रम मार्फत कुपोषित बालबालिकाहरुको पहिचान गरी उपयुक्त व्यवस्थापन गरिनेछ।
- संचालनमा रहेको निजी अस्पताल, स्वास्थसँग सम्वन्धित संस्थाहरु र क्लिनिकहरुको समेत अनुगमन गरिनेछ।
- नेपाल सरकारबाट विभिन्न स्वास्थ्य ईकाइमा दिईदै आएको विभिन्न प्रकारका नि:शुल्क औषधिमा नागरिकको पहुँच सुनिश्चित गरिने छ।

- नारायणी अस्पतालमा संचालित फार्मेसीलाई सर्वसुलभ तथा सस्तो मूल्यमा औषधी विक्री वितरण गर्न र विमा गराएका विरामीहरुलाई तोकिएको औषधी निशुल्क रुपमा वितरण गर्न सहज होस भन्ने उदेश्यले औषधी स्टक राख्ने व्यवस्थालाई प्रभावकारी बनाउन एक करोड रुपियाँ नारायणी अस्पताललाई उपलब्ध गराईनेछ। उक्त रकम चालु आर्थिक बर्ष भित्रमा संघीय सरकारले उपलब्ध गराएपछि नारायणी अस्पताललाई भुक्तानी दिइनेछ ।
- स्वास्थ्य क्षेत्रको व्यवस्थित तथा गुणस्तरीय विकासका लागि सार्वजानिक तथा निजी क्षेत्रको सहकार्यलाई प्रवर्द्धन गरिने छ।
- महिला तथा बालबलिकाको कुपोषण न्यूनीकरण, रोकथाम र नियन्त्रणका लागि स्थानीय संचार माध्यम मार्फत चेतनामूलक सूचना (PSA) र कार्यक्रमहरु प्रसारण गरिनेछ।
- सरकारी तथा गैरसरकारी संस्थासँगको सहकार्यमा अपांगता भएका व्यक्तिहरुको पहिचान गरी उनीहरुको आर्थिक, सामाजिक सशक्तिकरण र पुनर्स्थापना गर्ने कार्यलाई प्रभावकारी बनाईनेछ।
- महिलाविरुद्ध हुने सवै प्रकारका हिंसा अन्त्य गर्ने अभियानलाई सशक्त रुपमा अगाडि बढाईने छ।
- आर्थिक रुपले विपन्न र सामाजिक रुपले पछाडि परेका महिलालाई विशेष प्राथमिकता दिई आर्थिक सशक्तिकरण र सामाजिक रुपान्तरण गरिने छ।
- ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गरी ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई आर्थिक, सामाजिक रुपान्तरण र विकासमा उपयोग गरिनेछ । ज्येष्ठ नागरिकलाई सम्मान, आदर र सहजताको लागि विशेष छुट र सहुलियतको व्यवस्था मिलाईने छ।
- महिला विकास कार्यक्रमलाई परिमार्जन गरी विगतका असल अभ्यास र उपलब्धिलाई संस्थागत गर्दै महिला समूहद्वारा प्रवर्द्धित महिला सहकारी संस्थालाई महिलाहरुका उत्पादनमूलक व्यवसाय तथा स्वरोजगारको क्षेत्रमा परिचालन गरिनेछ।
- यौनिक तथा लैङ्गिक अल्पसंख्यकप्रति सामाजिक विभेद हटाउन सचेतनामूलक तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ।
- वीरगंज महानगरपालिकाको नेतृत्वमा पर्सा जिल्लाका सवै पालिकाको सहयोग रहने गरी जोखिममा परेका महिला, बालबालिका, ज्येष्ठ नागरिकका लागि ***एकीकृत सहायता केन्द्र*** भवनको निर्माण कार्यलाई अगाडि वढाउन नेपाल प्रहरी, निजी क्षेत्र र विभिन्न गैरसरकारी संघसंस्थासँग सहकार्य र साझेदारी गरिनेछ।
- सवै बालबालिकालाई शिक्षामा पहुँच सुनिश्चित गर्न विद्यालय भर्ना अभियानलाई सफल बनाई विद्यालय जाने उमेरका सवै बालबालिकालाई विद्यालयमा भर्ना गरिनेछ। सो कार्यका लागि राजनीतिक दल, नागरिक समाज, सरकारी तथा गैरसरकारी निकायहरु, स्थानीय संचार माध्यमको सहभागीता र प्रयोग गरिनेछ।
- सामुदायिक विद्यालयको भौतिक निर्माण, शैक्षिक गुणस्तर सुदृढीकरण नि:शुल्क रुपमा पुस्तक वितरण र छात्रवृत्ति वितरण गरि सामुदायिक विद्यालयको पठनपाठनलाई प्रभावकारी बनाइने छ।
- केडिया आँखा अस्पतालसँगको सहकार्यमा विद्यालयमा अध्ययनरत बालबालिकाहरुलाई नि:शुल्क आँखा परिक्षण र चस्मा वितरण गरिनेछ।



96

- शैक्षिक कार्यतालिका अनुसार शिक्षकले नियमित रुपमा अध्यापन गरे नगरेको कुरामा नियमित अनुगमन गरि सो को पृष्ठपोषणको आधारमा शिक्षकलाई दण्ड तथा पुरस्कारको नीति लिईनेछ भने शैक्षिक गुणस्तर अभिबृद्धिका लागि हरेक विद्यालयमा नगरपालिकाले विद्यालय व्यवस्थापन समितिसँग र विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापकसँग कार्य सम्पादन करार अनिर्वाय गरिनेछ।
- महानगरभित्रका ग्रामिण क्षेत्रमा सामुदायिक विद्यालयका विद्यार्थीहरु टिफिन पछि खाजा खान भाग्ने प्रवृत्तिलाई रोक्नको लागि खाजा कार्यकमलाई निरन्तरता दिईनेछ।
- सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई विद्यालय परिसर र कार्य अवधि भित्र राजनैतिक क्षेत्रबाट मुक्त गर्न छुट्टै आचारसंहिता तयार गरि लागु गरिने छ।
- महानगरपालिका भित्र संचालनमा रहेका सामुदायिक तथा संस्थागत बिद्यालयका सम्पूर्ण माध्यमिक र उच्च माध्यमिक तहका विद्यार्थीहरुको ब्लड ग्रुप छुट्टाउन तथा रक्तदाता सचेतना र रक्तदान कार्यक्रम संचालन गर्न सो क्षेत्रमा कार्यरत संस्थासँग सहकार्य गरी कार्यक्रम संचालन गरिनेछ।
- विद्यार्थीलाई सम्वन्धित शिक्षण संस्थाबाट स्थानीय सरकारले तोकेको छात्रवृत्ति प्रदान गर्न गराउन ***छात्रवृत्ति समिति*** को सिफारिसलाई कार्यान्वयन गरिनेछ।
- संस्थागत विद्यालयहरुको स्तर र श्रेणी निर्धारण गर्न अधिकार सम्पन्न समिति बनाईनेछ। जसले सिफारिस गरेको आधारमा संस्थागत विद्यालयहरुको वर्गीकरण गरिनेछ।
- शिक्षा क्षेत्रका लागि सेवा प्रवाहमा आधुनिक प्रविधिको प्रयोग बढाई शिक्षाको गुणस्तरमा सुधार गरिनेछ।
- परिक्षा प्रणालीलाई व्यवस्थित, मर्यादित र पारदर्शी बनाउन सिद्धार्थ माविको हाता भित्र आगामी एक वर्ष भित्रमा एक पटकमा धेरै विद्यार्थीहरुले परिक्षा दिन सक्ने परिक्षा हल निर्माणकार्य सम्पन्न गरिनेछ।
- वीरगंज महानगर भित्र संचालनमा रहेका र शैक्षिक गतिविधि संचालन गर्ने सम्पूर्ण शिक्षण संस्थाहरुको रेकर्ड अद्यावधिक गरिनेछ।
- वीरगंज महानगरलाई निजी क्षेत्रको सहकार्यमा शैक्षिक तथा खेलकुद हबको रुपमा विकास गरिनेछ।
- सामुदायिक विद्यालयको पठनपाठन प्रभावकारी बनाउन विद्यालयको भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार गर्ने, पाठयपुस्तक तथा छात्रवृत्ति वितरण , विज्ञान प्रयोगशाला, इ -पुस्तकालय स्थापना गरिनेछ।
- विशेष आवश्यकता भएको विद्यालय अन्तरगत योग विद्यालय, अन्धा बहिरा र सुस्त मनस्थिति भएकाहरुको लागि विद्यालय संचालन गरिनेछ।
- विद्यालय स्तरीय, समुदाय स्तरीय तथा नगर स्तरीय खेलाडी तयार गरि खेलकुद प्रतियोगिताहरु संचालन गरिनेछ।
- एक वडा एक सामुदायिक सिकाइ केन्द्र स्थापना गरी सो केन्द्रलाइ सुचना केन्द्रको रुपमा विकास गरिनेछ।
- खाली जग्गालाई खेलमैदान को रुपमा विकास गर्ने तथा विभिन्न विद्यालयहरुको खेलमैदान लाई स्तरवृद्धि गरिनेछ।



९८

- साविकको शैक्षिक तालिम केन्द्रलाइ वीरगन्ज महानगर तालिम केन्द्रको रुपमा संचालन गरिनेछ ।
- आधारभूत विद्यालय भवानीपुर र सौराहामा १२ कोठे भवनको निर्माण कार्य यसै वर्षदेखि शुरु गरिनेछ ।
- विपदको समयमा वा पछि शिक्षण सिकाइ सुनिश्चित गर्न वैकल्पिक सिकाइ (स्वाध्ययन, रेडियो, टिभी, कम्प्युटर, इन्टरनेट, अनलाइन अफलाइन कक्षा आदि) व्यवस्थापन गरिने छ ।
- प्रत्येक विद्यालयमा स्वास्थ्य हेरचाहकोलागी नर्स तालिम संचालन गरिने छ ।
- विद्यमान कोभिड को अवस्थामा प्रत्येक विद्यालयमा थर्मलगन, मास्क, साबुनपानी, पन्जा र ह्याण्ड सेनिटाईजर आदिको सुरक्षात्मक व्यवस्था गर्ने र विद्यालयहरुलाई नियमित रुपमा निर्मलीकरणको व्यवस्था गरिनेछ ।
- विकास पत्रकारितालाई प्रोत्साहन गरिनेछ, संचारकर्मीको क्षमता अभिवृद्धि गर्न र पत्रकारितामा आउन चाहने पुस्ताको लागि तालिमको व्यवस्था मिलाईने छ ।
- नागरिक सचेतना अभिवृद्धिका लागि पत्रपत्रिका मार्फत सूचना र रेडियो कार्यक्रम संचालन गरिनेछ ।
- नेपाल पत्रकार महासंघ पर्साको संस्थागत विकासका लागि सहयोग उपलब्ध गराईनेछ ।
- समृद्ध महानगर निर्माण अभियानमा छापा तथा विद्युतीय संचार माध्यमलाई सरिक गराईनेछ ।
- स्थानीय प्रशासरण संस्थाहरुको पहल र साझेदारीमा रेडियोहरुको विपद् व्यवस्थापन कोषको स्थापना गरिनेछ । यसको संचालनको लागि छुट्टै कार्यविधि बनाईनेछ ।
- स्थानीय भाषा, कला, संस्कृतिको संरक्षण, प्रवर्द्धन गर्न तथा सामाजिक कुरिती र महिला विरुद्ध हुने सबै प्रकार हिंसा अन्त्य अभियानमा सहकार्य गर्नेगरी स्थानीय विद्युतीय संचार माध्यम (एफएम रेडियो र अनलाईन)सँग लोककल्याणकारी सूचना नियमित रुपमा उपलब्ध गराईनेछ ।
- लोककल्याणकारी सुचना उपलब्ध गराउन महानगरपालिका भित्र संचालित एफएम रेडियोको वर्गिकरण संघिय सरकारले कार्यान्वयनमा ल्याएको मापदण्डलाई आधार बनाई गरिनेछ । सुचना वितरण प्रकृयालाई पारदर्शी बनाउन छुट्टै कार्यविधी निर्माण गरिनेछ ।
- भोजपुरी भाषा, साहित्य, कला र संस्कृतिको विकास एवं सम्वर्द्धनका लागि ***भोजपुरी प्रतिष्ठान*** स्थापना गरिनेछ ।
- कला, साहित्य, संस्कृतिलाई समृद्ध बनाउन ***वीरगंज महोत्सव*** संचालन गरिनेछ जसका लागि स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय संघसंस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।
- सामाजिक कुरीति र विभेदहरुको अन्त्यको लागि जनचेतना वृद्धि गराउदै सबै भाषा, धर्म, लिङ्ग र संस्कृतिका समुदायको मानिसहरुलाई मूल प्रवाहीकरण गरिनेछ ।

- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणलाई विकास योजनाको सबै चरणमा सहभागी गराईनेछ ।
- बालबालिका र किशोर किशोरी उपर हुने सबै प्रकारका भेदभाव, शोषण, दुर्व्यबहार र हिंसा अन्त्यको लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।
- बालविवाह नियन्त्रण गर्न जनचेतनामूलक कार्यक्रम संचालन गर्ने र बालविवाहमा संलग्न हुनेहरुलाई स्थानीय प्रशासनसँग समन्वय गरी कारवाही गरिनेछ ।
- बालमैत्री नगर निर्माणमा देखापरेको बालश्रमिक र सडक बालबालिकाको समस्यालाई न्यूनीकरण गर्न महानगरपालिकाको पहलमा स्थापना गरिएको बालहेल्प लाईनलाई थप प्रभावकारी बनाई विभिन्न कार्यस्थलमा भएका बालबालिकालाई उद्दार गरि उनीहरुको शिक्षा र स्वास्थ्यको उचित प्रवन्ध गरिनेछ ।
- फरक क्षमता भएका बालबालिकाको लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।
- सामाजिक विकासमा राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा स्थानीय गैर सरकारी संघसंस्थाहरु र निजी क्षेत्रको लगानीलाई परिचालन गरिनेछ ।
- युवाहरुकोलागी खेलकुद, सीप तथा उद्यमशिलताको विकास र सामुदायिक विकासमा संलग्न गराई युवाहरुलाई क्रियाशिल र सृजनशील बनाईनेछ ।
- लागूपदार्थ दुर्व्यसन विरुद्ध विभिन्न संघसंस्थाहरुको सहभागीतामा जनचेतना मूलक कार्यक्रम संचालन गरिनेछ ।
- प्रत्येक वडाका टोलहरुमा टोल विकास संस्था गठन तथा सुदृढीकरण गरि सामुदायिक विकासमा परिचालन गरिनेछ ।
- महानगरस्तरीय अन्तर विद्यालय र अन्तर कलेज मेयर कप खेलकुद प्रतियोगिताहरु संचालन गरिनेछ ।
- गैर सरकारी संघसंस्था तथा सामुदायिक संस्थाहरुको नियमित अनुगमन, नियमन, परिचालन र समन्वय गर्न विशेष डेस्कको प्रबन्ध गरिनेछ ।
- ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक मठ, मन्दिर, मस्जिद, पार्कहरुको संरक्षण गर्दै नगर क्षेत्रमा पर्यटन पूर्वाधारको निर्माण एवं विकास गरी आन्तरिक र वाह्य पर्यटनको प्रवर्द्धनमा जोड दिइनेछ ।
- वीरगंज महानगरपालिकाको वडा नं. १५ मा रहेको एतिहासिक भिष्वा डाँडा परिसरको सौंदर्यकरणका लागि Master Paln तयारगरी भौतिक संरचना निर्माण गरिनेछ । यसकार्यमा दातृ संस्थाहरुको सहयोग लिइनेछ ।
- साक्षर महानगर घोषणाको लागि प्रत्येक घरमा कोही निरक्षर नरहेको र विद्यालय जाने उमेरका कुनै बालबालिका बाँकी नरहेको घोषणा सम्वन्धी आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

४१) पूर्वाधार विकास क्षेत्र

- महानगरपालिका क्षेत्र भित्र ***उज्यालो वीरगंज*** कार्यक्रमलाई निरन्तरता दिई आउँदो वर्ष भित्र सबै वडाको सडकमा गुणस्तरयुक्त ३०१ वटा स्वचालित स्टेशनबाट १४ हजार LED बत्ति जडान गरिनेछ ।
- महानगरपालिकाका वडा कार्यालयहरुलाई व्यवस्थित बनाउन वडा कार्यालय नभएका वडाहरुमा वडा कार्यालय भवन निर्माणको कार्यलाई निरन्तरता दिईनेछ । यसै आर्थिक बर्षमा वडा नं. १८ को भवन निर्माण सम्पन्न भई सो कार्यालयबाट सेवा थालनी गरिएको छ ।
- कोभिड-१९ को नियन्त्रण र रोगथामका लागि क्वारेन्टिन तथा संक्रमितहरुको उपचारका लागि संक्रमण कोरोना अस्पताल निर्माण गर्न संघीय सरकार तथा प्रदेश सरकारको सहयोग लिइनेछ ।
- महानगरपालिकाको सहरी क्षेत्रमा ई-रिक्सा चार्ज गर्ने चार्जिङ स्टेशन जडान गर्न निजीक्षेत्र र ई-रिक्सा व्यवसायीबीच सहकार्य गरिनेछ ।
- नगर क्षेत्रको सडकहरुमा प्राविधिक सम्भाव्यताको आधारमा पीसीसी ढलान नगर्ने र सो स्थानहरुमा आवश्यकता अनुसार इट्टा, ढुङ्गा र मोजाइक टाइल, पेयर्स इन्टरलक टाइल छाप्ने कार्यलाई प्राथमिकता दिइनेछ ।
- महानगरपालिकाका सम्पूर्ण वडाहरुको प्रोफाईल बनाई विकास निर्माणको कार्ययोजना तयार गरिने छ । साथै हरेक सडक तथा घरहरुमा घर नम्बर प्रणाली जडान गरिनेछ ।
- वीरगंज महानगरपालिकाको दिगो विकासको लागि Strategic Environmental Assessment (SEA) गरिनेछ ।
- महानगरका ग्रामिण क्षेत्रका उपयुक्त स्थानमा सम्वन्धित वडा कार्यालयको सिफारिसमा व्यवस्थित वस्ती विकासको कार्यक्रम सन्चालन गर्न कार्य योजना बनाईने छ ।
- महानगरक्षेत्र भित्र जमिनको खण्डिकरण गरी प्लटिङबाट हुने गरेको अव्यवस्थित बसोबासलाई नियमन गर्न भू-उपयोग नीति तयार गरी कार्यन्वयनमा ल्याइने छ ।
- महानगरपालिकालाई हरित एवं फलफूलको शहरको रुपमा अगाडी बढाईनेछ । एक वडा क्षेत्र भित्रमा एक हरियाली पार्क निर्माण गर्दै जाने कार्यलाई निरन्तरता दिइने छ ।
- महानगरपालिका अन्तर्गत वडा कार्यालय भवनहरुमा (Fire Fighting) अग्नी नियन्त्रक जडान गर्ने व्यवस्था गर्ने तथा अन्य ठूला अपार्टमेन्ट, अस्पताल, सिनेमा घर, विद्यालय, क्याम्पस, मलहरु जस्ता भवनहरुमा अनिवार्य राख्नुपर्ने व्यवस्था गरिनेछ ।
- नयाँ निर्माण भएका संरचनाहरुको व्यवस्थापन एवं संरक्षण गर्ने दायित्वलाई ध्यानमा राखी मर्मत संभार गर्नुपर्ने सडक पुर्वाधारको परिमाण वा क्षेत्रलाई मध्यनजर गर्दै हाल भई रहेको मर्मत संभार इकाईलाई शाखामा रुपान्तरण गरी सम्पूर्ण भौतिक पूर्वाधार (जस्तै कालोपत्रे सडक, ग्राभेल सडक, भवन, सिंचाई कूलो, खानेपानी आदि) सम्बन्धि आयोजनाहरुको सन्चालन एवं कार्यान्वयन मर्मत सम्भार शाखाबाट सम्पदान गरिनेछ र यसका लागि यसै आ.व.मा आवश्यक निर्देशिका र जनशक्तिको समेत व्यवस्थापन गरिनेछ ।

- महानगर भित्र बढ्दो सवारी घनत्वलाई मध्यनजर गरी MTMP (Municipality Transport Master Plan) बनाई व्यवस्थित गरिनेछ ।
- पूर्वाधार विकासको लागि महानगरले सार्वजनिक निजी साझेदारीलाई निरन्तरता दिईनेछ ।
- उपभोक्ता समिति मार्फत कार्य गराउँदा आयोजनामा श्रमदान बाहेक कूल लागत अनुमानको ५ प्रतिशत धरौटी रकम ६ महिनाको लागि मर्मत भार अवधी भनेर राखिनेछ ।
- विकास निर्माणको कार्य गर्दा टेण्डर प्रकृयालाई प्राथमिकता दिएर गरिनेछ ।
- महानगरपालिका क्षेत्र भित्रका विद्युत, खानेपानी, टेलिफोन, केवुल तार, ईन्टरनेट तार जस्ता संरचनाहरुलाई भूमिगत गर्दै लैजान सम्वन्धित कार्यालय वा संघीय सरकारका निकायसँग समन्वय गरिनेछ ।
- वीरगंज महानगरपालिकाको आवासीय क्षेत्रमा रहेको विद्युतको हाइटेन्सन तार व्यवस्थित गर्न विद्युत प्राधिकरणसँग समन्वय गरिनेछ । साथै नगर क्षेत्रका पोलमा रहेका अव्यवस्थित तारलाई सम्वन्धित सरोकारवालासँग समन्वय गरी व्यवस्थित गर्न लगाईनेछ ।
- वीरगंज नगर विकासको नक्शा बस्ती विकास तथा भवन निर्माण मापदण्डलाई समायानुकुल परिवर्तन गरिनेछ ।
- निर्माण सामग्री तथा अन्य कुनै सामग्री सडक तथा सडक पेटीमा राखी बाटो आवागमनमा अवरोध पुर्याउने उपभोक्ताहरुलाई कार्वाही प्रकृया थप प्रभावकारी बनाईनेछ ।
- महानगर भित्र भएको संरचना लगायत नयाँ बन्ने सार्वजनिक पूर्वाधार अपाङ्गमैत्री बनाइनेछ ।
- योजना स्वीकृत भए पश्चात कार्य स्थलको प्रि-फोटो, नक्सा संलग्न गरेर मात्र सम्झौता गरिनेछ र विस्तृत विवरण सहितको सूचना पाटी अनिवार्य राख्ने व्यवस्था गरिनेछ ।
- महानगरपालिकाको अधिकार क्षेत्रमा भएको सडक कालोपत्रे गर्दा Asphalt Concrete प्रविधिबाट गर्ने नीति लिइनेछ ।
- महानगरको आयोजना अनुगमनलाई अझ चुस्त र व्यवस्थित बनाइनेछ ।
- नगर क्षेत्रमा जग्गा विकास कार्यक्रम (Land Pooling) संचालन गर्न संघ तथा प्रदेश सरकार र एशियाली विकास बैंकबाट आर्थिक तथा प्राविधिक सहयोग माग गरिनेछ ।
- प्लटिङको जग्गामा प्लटिङकर्ताले न्यूनतम पूर्वाधार (बिजुली, ढल व्यवस्थापन, ग्राभेल सडक) गरे पश्चात मात्र नक्शा पास गरिनेछ र सो कार्यमा बजेट विनियोजन गरिने छैन र अन्यको हकमा माटो पुर्ने कार्यको लागी बजेटमा प्राथमिकता दिईने छैन ।
- प्राविधिक जनशक्तिलाई वडाको CLUSTER मा खटाई चुस्त र प्रभावकारी रुपमा योजना संचालन गराईनेछ ।
- एक्सकाभेटरको कार्य वडामा संचालन गर्दा सम्वन्धीत वडाको सिफारिस भए पश्चात मात्र गरिनेछ र कार्य भईसकेपछि कार्य भएको विवरणको सिफारिस लिई लगत राख्ने नीति अख्तियार गरिनेछ ।



२२

- नयाँ घर बनाउने व्यक्तिले आफ्नो कम्पाउन्डमा कम्तिमा ३ बटा विरुवा रोप्न प्रोत्साहन गरिनेछ ।
- विकास निर्माणमा जनसहभागीतालाई जोड दिइनेछ । उपभोक्ता समितिको न्युनतम लागत सहभागितामा पूर्वाधारका आयोजनाहरु संचालन गरिनेछ । न्यूनतम चालिस प्रतिशत भन्दा बढी जनसहभागिता जुटाउने उपभोक्ता समितिलाई प्राथमिकता दिई आयोजना स्वीकृत गरिनेछ ।
- घण्टाघर र संकराचार्य गेटमा विधुतिय सौन्दर्यकरण गरिनेछ ।
- निर्माणाधिन सडकहरु सम्पन्न गर्दै अन्य सडकहरुको स्तरोन्नती तथा मर्मत संभार गरिनेछ । ग्रामीण क्षेत्रका सडकहरुलाई शहरीक्षेत्रको सडकसँग जोडने कार्य गरिनेछ ।
- फोहोर पानी (Severage Water) प्रशोधन केन्द्रको निर्माण कार्य सम्पन्न भई सकेकोले घरहरुको फोहोर पानी उक्त केन्द्रमा ल्याउन जोड्ने कामलाई निरन्तरता दिइनेछ ।
- महानगरपलिकाको बैठक कक्ष विस्तार तथा आधुनिकीकरण गरिनेछ ।
- वीरगंजको घण्टाघर स्थित बिपी उद्यानको जमिनमा आधुनिक अन्तर्राष्ट्रियस्तरको सभाहल शहिदको शालिक सहितको पार्क, पसल समेतको खुला मंच, पार्किङ स्थल निर्माणका लागि संघीय सरकारसँग सहकार्य गरिनेछ ।
- आर्सेनिकयुक्त पानीको कारण जोखिम देखिएका ग्रामिण क्षेत्रमा चापाकलको विकल्पमा खानेपानी ट्यांकी निमार्णका लागि संघीय तथा प्रदेश सरकारसँग प्रस्ताव पेश गरिनेछ । त्यसका लागि उपयुक्त ठाउँको छनौटगरी खानेपानी उपभोक्ता समिति मार्फत काम अगाडि बढाउन प्रकृया थालनी गरिनेछ । चापाकल वितरण कार्यलाई निरुत्साहित गर्दै लगिने छ । सार्वजनिक स्थलमा चापाकल जडान गर्न उपभोक्ता समिति मार्फत कार्य अगाडि बढाईने छ, यसका लागि महानगरपालिका र उपभोक्ता समितिले ५०/५० प्रतिशत लगानी गरिनेछ ।
- विक्रम सम्वत २०२१/०२२ सालको सर्भेको आधारमा नापी गराई ऐलानी, पर्ती जग्गाहरु मिचेको, भोग चलन गरिरहेको र नियतबस व्यक्तिले आफ्नो नाममा समेत गराई सकेको जग्गाहरु पत्ता लगाउन विज्ञ सहितको सार्वजनिक तथा ऐलानी जग्गा खोजबिन समिति गठन गरी आवश्यक प्रक्रियाबाट उक्त जग्गाहरु प्राप्त गरि सार्वजनिक कामको लागि उपयोग गरिदै लगिनेछ ।
- हाल संचालनमा रहेको क्षेत्रीय शहरी विकास आयोजनाले महानगरपालिकाको सम्पूर्ण क्षेत्रलाई व्यवस्थीत गर्न नसक्ने भएकोले तेस्रो चरणको आयोजना संचालनका लागि सरोकारवालासँग समन्वय गरि नेपाल सरकारसँग प्रस्ताव गरिनेछ ।
- वडा नं. ३२ को रामवन देखि भेडाहा खोला सम्मको जंगल क्षेत्रमा पिक्निक स्पट, मनोरन्जन पार्क लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिनेछ ।
- वीरगंजमा पुरानो बसपार्कमा निजी क्षेत्रसँगको साझेदारी (BOOT System) मा पार्किङ समेतको उपयुक्त संरचना निर्माणका लागि प्रस्ताव आह्वान गरिने छ । अर्को व्यवस्था

नभइन्जेल सम्मका लागि पुरानो बसपार्कको जमिनमा व्यवस्थीत पार्किङ र ठेलामा फस्टफुड बिक्री वितरण गर्ने व्यवस्था मिलाईनेछ ।

- संस्थागत सामाजिक उत्तरदायित्व Corporate Social Responsibility (CSR) अन्तर्गत खर्च गर्नुपर्ने रकम शिक्षा र स्वास्थ्य क्षेत्रको भौतिक पूर्वाधारमा लगानी गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ । यस कार्यका लागि हरेक औद्योगिक घराना, संघसंस्थासँग छुट्टाछुट्टै सम्झौता गरिनेछ ।

४२) वन वातावरण तथा विपद व्यवस्थापन

- प्रत्येक वडामा न्यूनतम एक सार्वजनिक शौचालय र सार्वजनिक स्थल उपलब्ध भए सम्म एक हरीयाली पार्क निर्माण गर्ने नीति लिइनेछ ।
- महानगरपालिकाको वडा नं. १६ मा रहेको ल्यान्ड फिल्ड साईटलाई यसै वर्षदेखि संचालनमा ल्याई फोहोर मैलाको दिगो व्यवस्थापन गरिनेछ । यसैगरी वैकल्पीक उर्जा केन्द्र र वीरगंज महानगरपालिकाको सहकार्यमा ल्यान्ड फिल्ड साईटमा बायोग्याँस प्लाण्ट स्थापना गरिनेछ ।
- वीरगंजका अस्पतालबाट निस्कने संक्रमणजन्य फोहोर व्यवस्थापनको लागि यसै वर्ष महानगरपालिकाले नगवामा रहेको ल्याण्ड साइटमा ग्रीन हस्पिटल वेस्ट मेनेजमेन्ट सेन्टर निर्माण गरिनेछ ।
- फोहरमैला व्यवस्थापनलागि महानगरपालिका र निजी सेवा प्रदायक बिच सार्वजनिक निजी साझेदारीको अवधारणा बमोजिम सम्झौता भई निजी साझेदारले फोहोरमैलाको व्यवस्थापन र सेवा शुल्क संकलनको प्रकृया अगाडी बढाएको भएपनि काबु बाहिरको परिस्थिति र सम्झौतामा महानगरपालिकाले गर्नुपर्ने भनिएको दायित्व समेत महानगरपालिकाबाट वहन हुन नसकेको भनि तोकिएको शुल्क उठन नसकेको भन्दै सेवा प्रदायकले महानगरपालिकासँग क्षतिपूर्ती समेत माग गरेको हुँदा सो तथ्यलाइ मध्यनजर गरी निजी साझेदारसँगको सम्झौता कार्यान्वयनमा देखिएको अड्चनलाइ सम्बोधन गर्न पुरक सम्झौता गरिनेछ ।
- वृक्षारोपण तथा हरियाली प्रवर्द्धनमा जोड दिई यस कार्यमा स्थानीय संघ संस्थाहरुलाई परिचालन गर्दै ऐलानी, पर्ती, नदिको किनारका जमिन तथा व्यक्तिको निजी जग्गामा समेत वन लगाउने बिशेष कार्यक्रम ल्याईनेछ ।
- महानगरपालिका भित्र रहेको सार्वजनिक, पर्ति, ऐलानी जग्गा यकिन गर्ने वडा कार्यालयलाई यस वर्ष वृक्षारोपण र जग्गा संरक्षणका लागि तारवार लगाउने कार्यका लागि विशेष रकम उपलब्ध गराईनेछ ।
- विकास र विपद् व्यवस्थापनलाई एकीकृत ढंगले संचालन गरि विपद जोखिम न्यूनीकरण गरिनेछ ।



२५

- वारुणयन्त्र सेवालाई प्रभावकारी बनाइनेछ । उद्योग, कलकारखानालाई आवश्यक परेको बेला तत्काल प्रयोग गर्न सहज हुने स्थानमा वारुणयन्त्र राख्न वीरगंज उद्योग वाणिज्य संघसँग समन्वय गरिनेछ ।
- विपद व्यवस्थापनका लागि स्थानीय प्रशासन लगायत विभिन्न निकायसँग समन्वय गरी उद्धार, खोज, राहतका कार्यलाई प्रभावकारी बनाउनका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- एक घर तीन विरुवा कार्यक्रमलाई अनिवार्य रुपमा लागु गरिनेछ । यसकालागि वडा समितिका पदाधिकारी र टोल विकास संस्थालाई जिम्मेवार बनाईनेछ । घरजग्गाको निमार्ण सम्पन्नता लिनु पूर्व यसको अनुगमन गरी मात्र निर्माण सम्पन्नता प्रमाण पत्र दिईनेछ ।
- न्यूनतम आवश्यक सामग्रीको व्यवस्था सहित सम्पूर्ण वडामा विपद व्यवस्थापन समिति गठन गरि जिम्मेवार बनाइनेछ ।
- निजी क्षेत्रको सहकार्यमा शववाहन संचालन गर्न औद्योगिक प्रतिष्ठान तथा अन्य निकायसँग समन्वय गरिनेछ ।
- परम्परागत दाहसंस्कार विधिलाई सरल, सहज र सुविधाजनक बनाई बनजंगलको संरक्षण र वातावरणमैत्री बनाउन वीरगंज क्षेत्रमा विद्युतीय शवदाह गृह निर्माणका लागि निजी क्षेत्र तथा प्रदेश र संघीय सरकारसंग पहल गरिनेछ ।
- भान्साघरबाट निस्कने फोहोरलाई घरभित्र व्यवस्थापन गर्न टोल विकास संस्था, नीजि साझेदारी अवधारणा अनुसार कार्यक्रम संचालन गरिनेछ ।
- वातावरणीय स्वच्छताको लागि मौसम परिवर्तन सम्वन्धि जनचेतना, औधोगिक प्रदुषण र वायु तथा पानीको गुणस्तर परीक्षण, प्लाष्टिकजन्य फोहर न्यूनीकरण जस्ता कार्यक्रम संचालन गरिनेछ ।
- स्वच्छ तथा हराभरा वीरगंजको अवधारणा अनुसार बृक्षारोपण, नर्सरी निर्माण जस्ता कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ । यस कार्यमा वडा कार्यालयलाई जवाफदेही र जिम्मेवार बनाईनेछ ।
- फोहरमैला व्यवस्थापन कार्यलाई अझै प्रभावकारी बनाउन जनचेतना कार्यक्रम संचालन गरिनेछ ।
- वीरगंजको मुख्य बजारमा रहेका खुल्ला नालाहरुलाई RCC Slab द्वारा ढलान गरी खुल्ला नालालाई ढाकिनेछ । यस कार्यलाई चालू आर्थिक वर्षदेखि थालनी गरिनेछ ।
- सार्वजनिक स्थान, सडक, बाटो, पेटी, बसपार्क जस्ता स्थलहरुमा फोहोर फाल्ने र सडक, पेटी र सार्वजनिक स्थलहरुमा फोहोर गर्नेलाई कडाईका साथ नियन्त्रण गर्न यस्ता कार्य गर्नेलाई कानुन अनुसार दण्डित गरिनेछ ।

४३) सुशासन तथा संस्थागत विकास

- नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय सरकारबीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै पारदर्शी र जनमुखी नेतृत्वको विकासका लागि स्थानीय शासन पद्धतिलाई व्यवस्थित गर्न स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गरिनेछ ।
- आम नागरिकहरुको प्रत्यक्ष सम्बन्ध रहेको संस्था नै स्थानीय तह हो । स्थानीय सरकारबाट प्रवाह गरिने सेवामा सरलता, विकास निर्माणका कार्यमा गुणस्तरीयता एवं परिणाममुखी बनाई स्थानीय शासन प्रक्रियालाई जनमुखी, जवाफदेही, पारदर्शी, उत्तरदायी र सहभागितामूलक बनाउने कुरामा महानगरपालिका सदैव प्रयत्नशिल रहनेछ ।
- आगामी आर्थिक बर्षदेखि महानगरले स्वीकृत गरेका नीति तथा कार्यक्रमहरुको अर्द्धवार्षिक एवम् वार्षिक समिक्षा गरिनेछ ।
- नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयमा सूचना प्रविधिको प्रयोग, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक वडापत्रको व्यवस्था गरि सार्वजनिक सेवालाई प्रभावकारी बनाईनेछ ।
- बैंक र वडा कार्यालयसँग समन्वय गरि सम्वन्धित वडाको पायक पर्ने स्थानमा रहेको बैंकमा खाता खोली सामाजिक सुरक्षा भत्ता समयमै उपलब्ध गराईनेछ ।
- न्यायीक समितिलाई क्षमतावान र क्रियाशील बनाई जनताहरुलाई छिटो छरितो तथा सर्वसुलभ रुपमा न्याय पाउने व्यवस्था मिलाईनेछ ।
- प्रत्येक वडामा मेलमिलाप समिति गठन गरिनेछ, मेलमिलाप समितिले समाधान गर्न नसकेका विवाद मात्र न्यायीक समितिले हेर्ने व्यवस्था मिलाइनेछ ।
- प्रथम चौमासिक देखि नै योजना कार्यान्वयन प्रारम्भ गरि उपभोक्ता समितिलाई तालिम दिई अनुगमनलाई प्रभावकारी बनाई जेठ महिना सम्ममा सम्पूर्ण योजनाहरुको भुक्तानी गरि योजना अनुशासन कायम गरिनेछ ।
- अन्तरनिकाय समन्वय बैठकहरु आयोजना गरी विकासमा सबै पक्षको सहयोग परिचालन गरिनेछ ।
- ***जनतासँग जनप्रतिनिधि*** कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइनेछ । स्थानीय एफएम रेडियो मार्फत हरेक वडामा पुगेर कार्यक्रम संचालन गरिनेछ । यस अभियान अन्तरगत ***जनता मेयर आमनेसामने*** कार्यक्रम संचालन गरिनेछ ।
- नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, मातहतका स्वास्थ्य केन्द्र र शिक्षण संस्थाहरुमा मदिराजन्य पदार्थ, सुर्तीजन्य वस्तु, पान मसला, गुट्खा लगायतको सेवन र



२६

प्रयोगमा प्रतिवन्ध लगाईनेछ । साथै यसक्षेत्रलाई प्लाष्टिक झोला प्रयोगमा प्रतिवन्ध लगाई यस कार्यमा नगर प्रहरीलाई अनुगमनको लागि जिम्मेवार बनाईनेछ ।

- कार्यालयलाई उपयुक्त नदेखिएका करार र दैनिक ज्यालादारीका कर्मचारीको करार सेवा नविकरण गरिने छैन ।
- हाल कार्यरत नगरप्रहरीको क्षमताको परिक्षण गरि जिम्मेवारी बहन गर्न नसक्ने नगरप्रहरीलाई अन्य जिम्मेवारी तोकिने छ । महानगरको आवश्यकतालाई ध्यानमा राखी रिक्त दरवन्दीमा नगर प्रहरी भर्ना गरिनेछ ।
- दमकलमा कार्यरत जनशक्ति र नगर प्रहरीलाई स्रोत साधन, तालिम उपलब्ध गराई संस्थागत क्षमता विकास गरिनेछ । साथै सुचना आदान प्रदानमा सहजता ल्याउन संचार सेट उपलब्ध गराईनेछ ।
- महानगरपालिकाको लागि आवश्यक भौतिक सामग्री र उपकरण खरिदको ठेक्का लिएका सेवा प्रदायक कम्पनीले तोकिएको मापदण्ड भन्दा बाहिरको सामान खरिद गरेमा वा उपलब्ध गराएमा त्यस्ता कम्पनीलाई कालोसूचीमा राखी कानुन बमोजिम कार्वाही गरिनेछ ।
- नगर क्षेत्र भित्र छाडा रुपमा छोडिएका चौपाया र जनावरहरुलाई नियन्त्रण गर्न निजी क्षेत्रसँग सहकार्य गरीनेछ । यस कार्यमा नगर प्रहरीलाई जिम्मेवार बनाई अनुगमन गरिनेछ ।
- वडा कार्यालयलाई तोकिएको जिम्मेवारी पुरा गरे वा नगरेको विषयमा यकिन गर्न स्वतन्त्र सामाजिक लेखापरीक्षक तोकेर अनुगमन गराईने छ ।
- विकास निर्माणको कार्यलाई तोकिएको समयमा निर्धारित मापदण्ड र गुणस्तर बमोजिम सम्पन्न गर्न प्रभावकारी अनुगमन गरिनेछ । मापदण्ड पुरा नगर्ने निर्माण कम्पनीलाई समेत कालोसूचीमा राखी कारवाही प्रकृया अगाडि बढाईनेछ ।
- नक्शा पास प्रकृयालाई चुस्त र भरपर्दो बनाउन EBPS (Electronic Building Permit System) लाई उपयोग गरिने छ ।
- बीरगंज महानगरपालिकाबाट संचालित आयोजनाको अनिवार्य रुपमा गुणस्तर परिक्षण गराउने व्यवस्था गरिनेछ र परिक्षणको रिपोर्टमा गुणस्तरीय आए पश्चात मात्र भुक्तानी प्रकृया अघि बढाईनेछ ।
- खरिद प्रकृया E- BIDDING प्रयोग गरेर थप चुस्त र पारदर्शी बनाईनेछ ।
- नगरवासीको जनस्वास्थ्यको सुरक्षा, उपभोक्ता हित संरक्षणको लागि मूल्यसूची अनिवार्य खाद्य गुणस्तर कायम गर्ने, खाद्य मिसावट नियन्त्रण गर्ने, होटल, नास्ता खाजाघर, माछा, मासुजन्य पदार्थको बिक्री वितरणलाई व्यवस्थित गर्ने, स्वास्थ्य क्लिनिक तथा घुम्ती स्वास्थ्य सेवा तथा महामारी नियन्त्रण गर्ने लगायतका स्वास्थ्य सम्वन्धी कार्यक्रमहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन गरिनेछ ।



26

४४) राजश्व परिचालनका नीतिहरु

- (कोभिड-१९) कोरोना भाइरस महामारीका कारण व्यापार व्यवसाय समेतमा प्रतिकुल असर परी व्यापारी, उद्योगी, व्यवसायीहरुमा ठूलो आर्थिक क्षति भएकोले सो समेतलाई ध्यानमा राखी विद्यालय, अस्पताल, सपिङमल, उद्योग र कलकारखानाको चालू आ.व.को सम्पत्ति करमा ५०% सम्म छुट दिने र अगामी आर्थिक वर्ष ०७७/०७८ मा पनि सम्पत्ति कर असूली प्रकृयालाई निरन्तरता दिइने छ ।
- सम्पत्ति कर र मालपोत (भूमिकर) मा चालु आ.व.मा पुस मसान्तभित्र कर बुझाउने करदाताहरुलाई कुल लाग्ने करमा ५% दिंदै आएको छुटको व्यवस्थालाई आगामी आ.व. २०७७/०७८ को पुस मसान्तभित्र कर बुझाउने करदाताहरुलाई १०% छुटको व्यवस्था मिलाईएको छ । सो अवधि भित्र कर बुझाएमा जरिवाना लाग्ने छैन । मालपोत ( भूमिकर), सम्पत्ति कर जस्तै व्यवसाय करमा पनि आर्थिक वर्ष २०७७/०७८ पुस मसान्त सम्म कर बुझाएमा १०% छुटको व्यवस्था मिलाउने नीति लिईएको छ ।
- करदाताहरुमा (कोभिड-१९) को कारण पर्न गएको मार्कालाई ध्यानमा राखी आर्थिक वर्ष ०७६/०७७ सम्म बाँकी बक्यौतामा लिईदैं आएको वार्षिक १५% जरिवाना लाई घटाई १०% मात्र जरिवाना लिने निति लिइएकोमा यस आर्थिक वर्ष भित्र कर तिर्न नसकेका करदातालाई आर्थिक वर्ष ०७७/०७८ को पुस मसान्त भित्र कर बुझाएमा जरिवाना छुट दिने नीति लिईएको छ ।
- स्थानीय सरकार संचालन ऐन,२०७४ र निमार्ण इजाजत कार्यविधि २०७५ बमोजिम यस कार्यपालिका बाट "घ" वर्गको इजाजत प्राप्त निर्माण सम्वन्धी कार्यमा निर्माण व्यवसायी समेतलाई कोभिड १९ को कारणले प्रतिकुल असर परेको कुरालाई मध्य नजर गरी निजहरुको ईजाजत पत्र नविकरणको हकमा समेत २०७६ चैत्र मसान्त भित्र नविकरण गराउन नसकेकाहरुको लागि आर्थिक वर्ष २०७७/०७८ को असोज मसान्त भित्र साविक बमोजिमकै रकम लिई नविकरण गर्न सक्ने निति अपनाईनेछ ।
- वीरगञ्ज महानगरपालिकाको राजश्व प्रशासन क्षेत्रको संस्थागत क्षमता अभिबृद्धि गर्दै लगिनेछ, करदाता सहयोगी डेस्कलाई प्रभावकारी बनाउँदै करदातामैत्री प्रशासनको विकास गरी वार्षिक कार्ययोजनाका आधारमा राजस्व असुली कार्यलाई थप प्रभावकारी बनाइनेछ ।
- महानगरपालिकाद्वारा असूल गरिने सम्पतिकर, व्यवसायकर, बहालकर लगायत बिभिन्न करको क्षेत्रमा कार्य गर्ने कर्मचारीहरूको क्षमता बिकासका लागि तालिम, गोष्ठी, अध्ययन भ्रमण गराउने र सम्पतिको बिवरण, बहालकरको बिवरण र व्यबसायीहरुको बिवरण सङ्कलन गर्ने जस्ता कार्यलाई प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ ।
- महानगरपालिकाको क्षेत्र बिस्तार भई महानगरपालिकाको स्वामित्वमा रहेका वडा नं. १ देखि ३२ भित्रका सम्पतिहरु (सार्वजनिक जग्गा, पाटि पौवा, कुलो, पैनी, नहर विद्यालय,



२८

मठ मन्दिर, मस्जिद, मदर्सा, चर्च, धर्मशाला तथा सार्वजनिक पोखरीहरु) आदिको अभिलेखिकरण गरी आफनो रेखदेख तथा नियन्त्रणमा राखिनेछ । साथै सार्वजनिक पोखरीहरुलाई महानगरपालिकाबाट ठेक्का प्रकृयाद्वारा सन्चालनमा ल्याईनेछ ।

- राजस्व कार्यालयलाई स्थानीय तह (वीरगंज महानगरपालिका) को करचुक्ता नगरेका करदातासँग कारोबार नगर्न अर्थ मन्त्रालय, अर्थ विभागबाट अधिसूचना ( Notification) जारी गराउन बिगतमा लिएको नीति प्रभावकारी नहुँदा कर असूलीमा प्रत्यक्ष असर परी कर असूलीमा कमी आएकोले आर्थिक बर्ष २०७७/०७८ मा उक्त कार्यलाई समयमै सम्बन्धित निकायसंग समन्वय गरी महानगरपालिकाको कर चुक्ता नगरेका व्यक्ति, संघ संस्थाको कुनै किसिमको सिफरिस गरिने छैन ।
- घर बहालकरको छुट्टै सफ्टवेयरको व्यवस्था नहुँदा व्यवस्थित अभिलेख (लगत) गर्न र यथार्थ बिवरण यकिन गर्न कठिन भएकोले आर्थिक वर्ष २०७७/०७८ देखि छुटै सफ्टवेयरको व्यवस्था गरी बहालकरको अभिलेख अद्यावधिक गर्दै लगिनेछ ।
- आर्थिक वर्ष २०७६/०७७ साल देखि ई-रिक्सा, अटो रिक्सा, टेम्पो, लोडर, स्कुले भ्यान आदि तिनपाङ्ग्रे सवारी साधनहरुको वीरगञ्ज महानगरपालिकामा दर्ता, नविकरण, नामसारी, बाटो ईजाजत, जाँचपास, खारेजी एवं स्टोपेजको व्यवस्था जस्ता कार्यहरु शुरु भएतापनि पुर्ण रुपमा प्रभावकारी ढंगबाट सबै तिनपाङ्ग्रे सवारी साधनहरु दायरा भित्र नआएका हुदाँ आगामी आ.व.मा महानगरपालिका क्षेत्रभित्र आवश्यक पर्ने सवारी साधनको संख्या यकिन गरी नगर भित्र सञ्चालनमा रहेका सबै प्रकारका तिनपाङ्ग्रे सवारीलाई स्थानीय सरकार सन्चालन ऐन, २०७४, सवारी यातायात व्यवस्था कार्यविधि, २०७६ र वीरगञ्ज महानगरपालिकाको आर्थिक ऐन, २०७७ ले दिएको अधिकार बमोजिम अनिवार्य महानगरपालिकामा दर्ता गर्नु पर्ने व्यवस्था मिलाईने छ ।
- उपभोक्तालाई सहज एवं सरल ढंगले सेवा उपलब्ध गराउन हाल सम्म कायम हुन नसकेको नयां भाडा दररेट कायम गरी बिभिन्न अलग अलग स्थानहरुमा आवत जावत गर्दा उपभोक्तालाई कुन सवारी कुन स्थानमा जाने भन्ने पहिचान गर्न कठिनाई देखिएकोले वीरगञ्ज महानरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत सडक तथा यातायात व्यवस्था शाखाबाट तय गरिएको बाटो र संकेत स्पष्ट गरी सेवा सन्चालन गर्ने नीति लिईनेछ ।
- नगरक्षेत्रमा अव्यवस्थित रहेको ट्राफिक व्यवस्थापनलाई सरल, सहज बनाउन महानगरपालिकाले पार्किङ्गका लागि आर्थिक बर्ष २०७६/०७७ मा कायम गरेका पार्किङ्ग स्थलमा मात्र पार्किङ्ग गर्दा पुर्णरुपले व्यवस्थापन हुन नसकि रहेको हुँदा सार्वजनिक स्थानहरूमा पार्किङ्ग हुने यातायातका साधनहरूको कारण जोखिम बढ्ने गरेकोले जोखिम न्यूनिकरण गर्नका लागि थप उपयुक्त स्थानको पहिचान गरी सरोकारवालाहरूको सहमति र सहयोगमा सवारी साधन पार्किङ्ग शुल्क संकलन गर्ने कार्यलाई प्रभावकारी ढङ्गले लागू गरिनेछ ।
- सम्पती करको हकमा घर र घरले चर्चेको बढीमा दुईगुणा जग्गामा सम्पति कर र खालि जग्गामा भूमि कर (मालपोत) लगाईनेछ ।

- व्यवसाय करलाई समसामयिक र व्यवहारिक बनाई हालसम्म दर्ता नभएका तथा दर्ता भएका तर नविकरण नभएका व्यवसायका लागि २०७७ पुष भित्र दर्ता हुन आउनेलाई विगत ३ वर्षको व्यवसाय कर मात्र लिई जरिवानामा छुट गरिनेछ ।
- ई-रिक्शा, टांगा, रिक्सा र ठेलाको दर्ता तथा नविकरण यसै कार्यालयबाट गर्ने व्यवस्था मिलाई महानगरपालिका भित्र संचालनमा रहने सम्पूर्ण सार्वजनिक सवारी साधनको रुट र भाडा दर समेत महानगरपालिकाबाट तोकिनेछ ।
- करको दायरा बढाउन घुम्ती टोलीको व्यवस्था, अनुगमन र करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ । राजश्व प्रशासनलाई पारदर्शी र जवाफदेही बनाउन कर्मचारीलाई तालिमको व्यवस्था मिलाईनेछ ।
- महानगरभित्र बसोवास व्यवसाय गर्ने करदातालाई जागरुक र कर तिर्ने बानी बसाल्न **मैले तिरेको कर मेरै टोलको विकासका लागि** भन्ने भावना जागृत गर्न स्थानीय रेडियो मार्फत ***कर शिक्षा*** कार्यक्रम संचालन गरिनेछ ।
- करको दायरालाई फराकिलो बनाउन, हरेक सेवाग्राहीलाई करको दायराभित्र ल्याउन सरोकार पक्षसँग सम्वाद, समन्वय गर्न तथा महानगरको आन्तरीक राजश्वलाई वृद्धि गर्न ***राजश्व समन्वय तथा अनुगमन समिति*** जिम्मेवार र जवाफदेही बनाईनेछ ।
- महानगरपालिकाले तोकेको फुटपाथमा व्यापार गर्ने व्यापारीलाई अस्थायी दर्ता प्रमाणपत्र उपलब्ध गराई करको दायारामा ल्याईनेछ ।
- आवासीय क्षेत्रमा हुने जोखिम न्यूनीकरणका लागि कुनै व्यक्ति वा फर्मले प्रज्ज्वलनशिल पदार्थ वा वस्तु महानगरपालिकाको अनुमति नलिई वीरगंजमा भण्डारण गर्न पाईने छैन । अनुमति नलिई भण्डारण गरेको पाइएमा कानुन बमोजिम कार्वाही हुनेछ ।

४५) राष्ट्रिय योजना आयोगले निर्दिष्ट गरे बमोजिमको त्रिवर्षिय खर्च संरचना यो वजेट तथा कार्यक्रमको अभिन्न अगं हुनेछ ।

**अध्यक्ष महोदय, तथा नगरसभा सदस्यज्यूहरु**

४६) अब म आगामी आर्थिक बर्ष ०७७/०७८ को अनुमानित कुल व्यय, क्षेत्रगत व्यय, मुख्य मुख्य आयोजना र श्रोत व्यवस्थापनको बारेमा प्रस्तुत गर्न गई रहेको छु । आगामी आर्थिक बर्ष ०७७/०७८ मा कुल रु. ३ अर्ब ८६ करोड ५१ लाख ९० हजार ३ सय ३५ व्यय हुने अनुमान गरिएको छ । यसमा चालु तर्फ रु. १ अर्ब ६२ करोड ६९ लाख १८ हजार अर्थात ४२.०९ प्रतिशत, पुंजीगत तर्फ रु. २ अर्ब १७ करोड ४६ लाख ७२ हजार अर्थात ५६.२६ प्रतिशत र वितिय व्यवस्था तर्फ रु ६ करोड ३६ लाख अर्थात १.६५ प्रतिशत खर्च हुने अनुमान गरिएको छ

४७) कुल खर्च मध्ये आर्थिक विकास क्षेत्रमा रु. २५ करोड ९५ लाख २५ हजार अर्थात ६.७१ प्रतिशत, सामाजिक विकास क्षेत्रमा रु. ८७ करोड ७७ लाख ३६ हजार अर्थात २२.७१ प्रतिशत, पूर्वाधार विकास क्षेत्रमा रु. १ अर्ब ७७ करोड ०६ लाख १२ हजार अर्थात ४५.८१ प्रतिशत



३०

सुशासन तथा अन्तर सम्बन्धि क्षेत्र (वन, वातावरण तथा विपद् समेत) तर्फ रु २३ करोड ७५ लाख १६ हजार अर्थात ६.१५ प्रतिशत र कार्यालय तर्फ रु. ७१ करोड ९८ लाख ०१ हजार अर्थात १८.६२ प्रतिशत व्ययको अनुमान पेश गरेको छु ।

४८) आगामी वर्ष संचालनहुने मुख्य आयोजनाहरुमा RUDP तथा STIUEIP रु. १ अर्ब ०४ करोड ४७ लाख ५७ हजार, वडा स्तरीय योजना रु. २४ करोड ७० लाख, मैचिङ्ग फण्ड रु. १६ करोड ७७ लाख २५ हजार, लक्षित कार्यक्रम रु २ करोड ३४ लाख, तराई मधेश समृद्धि कार्यक्रममा रु. ३० लाख, सडक बोर्ड कार्यक्रममा रु १ करोड, रोजगार कार्यक्रम रु ४० लाख, बहुक्षेत्रिय पोषण कार्यक्रम तर्फ रु. २० लाख, सामाजिक सुरक्षा भत्ता तर्फ रु. ४५ करोड, वडा भवन तर्फ रु. ३ करोड, उज्यालो वीरगंज कार्यक्रम तर्फ रु. १२ करोड ८१ लाख, शैक्षिक विकास तर्फ रु. ६२ करोड ६४ लाख, स्वास्थ्य तर्फ रु. १४ करोड ६८ लाख ८० हजार, कृषि विकास तर्फ रु ८३ लाख, पशु सेवा विकास रु. ४३ लाख र जनसहभागितामा आधारित कार्यक्रम तर्फ रु. ३ करोडको बजेट व्यवस्था मिलाएको छु । बजेटमा समावेश हुन नसकेका महत्वपूर्ण आयोजनाहरु Project Bank मा राखि श्रोतको उपलब्धता भए पछि क्रमशः कार्यान्वयन हुने व्यवस्था मिलाएको छु ।

४९) आगामी आर्थिक वर्षको अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये संघीय सरकारको वित्तिय समानिकरण रु. ४२ करोड ८८ लाख, राजश्व बाँडफाँड रु. २१ करोड १२ लाख, सशर्त अनुदान रु. ७५ करोड १६ लाख प्राप्त हुने अनुमान छ । त्यसै गरि प्रदेश सरकारबाट वित्तीय समानिकरण रु. १ करोड १६ लाख २० हजार, सशर्त अनुदान तर्फ ३ करोड, राजश्व बाँडफाँड तर्फ सवारी साधन रु. ३ करोड १४ लाख ४ हजार, घर जग्गा रजिष्ट्रेशन तर्फ रु. १५ करोड, नगर विकास अनुदान तर्फ १ अर्ब ०३ करोड ५६ लाख ५१ हजार, नगर विकास ऋण तर्फ रु. ९१ लाख ०६ हजार, सडक बोर्ड तर्फ १ करोड र युनिसेफ तर्फ रु. ४५ लाख प्राप्त हुने अनुमान छ । यसै गरी नगद मौज्दात तर्फ रु. ३० करोड १८ लाख १८ हजार र आन्तरिक आय तर्फ रु. ५९ करोड ७५ लाखको अनुमान गरेको छु ।

५०) प्रस्तुत नीति, बजेट तथा कार्यक्रमको कार्यान्वयनबाट वीरगंज महानगरको आर्थिक तथा सामाजिक विकासका पूर्वाधारहरु सृजना भई सभ्य र समृद्ध वीरगंजको विकासमा मद्दत पुग्ने विश्वास लिएको छु । यसैगरि स्थानीय शासनको प्रवर्द्धन र लोकतन्त्रको सबलीकरण हुने विश्वास लिएको छु ।

**२०७६/०७७ को समीक्षा**

आन्तरिक आय तर्फ रु. ४८ करोड ६६ लाख अनुमान गरिएकोमा ११ महिनाको अवधिमा रु. २६ करोड ७० लाख १९ हजार मात्र आय भई ५४.८७ प्रतिशत प्रगति भएको छ ।

**संघीय र प्रदेश सरकारसँग गरिएको अपेक्षा**

अध्यक्ष महोदय,

५१) सुशासन, विकास र समृद्धिका लागि संविधानको भावना बमोजिम संघीय र प्रादेशिक सरकारबाट समन्वय, सहकार्य र सहअस्तीत्वको अपेक्षा गरेका छौं । स्थानीय जनताले सबै काम नजिकको सरकारको रुपमा रहेको वीरगंज महानगरपालिकाबाट अपेक्षा गरेको हुँदा महानगरलाई पर्याप्त साधन स्रोत उपलब्ध गराउन अनुरोध गर्दछु । यसका साथै महानगरपालिकाको संस्थागत विकासका लागि संघ र प्रदेशबाट सहयोगको अपेक्षा राखेको छु । तीन तहको सरकारको सहअस्तित्वको मूल्य र मान्यतामा वीरगंज महानगरपालिका समन्वय, सम्वाद र सहकार्यका लागि निरन्तर लागिरहने प्रतिबद्धता व्यक्त गर्दछु ।

५२) संघ र प्रदेश सरकारबाट अपेक्षा गरेका महत्वपूर्ण कार्यक्रम तथा योजनालाई सफल बनाउन संघीय र प्रदेश सरकारसँग निरन्तर सम्वाद गरिनेछ । संघीय र प्रदेश सरकारसँग अपेक्षा निम्न रहेको छ ।

- ठाकुरराम बहुमुखी क्याम्पसलाई आधार बनाई वीरगंज विश्वविद्यालय संचालन गर्न प्रदेश र संघीय सरकार तथा अन्य सम्वन्धित निकायसँग समन्वय गरी आवश्यक प्रक्रिया अगाडी बढाईनेछ ।
- वीरगंजमा इन्जिनियरिङ (Engineering) कलेज स्थापनाका लागि सम्भाव्यता अध्ययन गर्न सम्वन्धित मन्त्रालय लगायत सरोकारवालासँग छलफल गरी आवश्यक प्रक्रिया अगाडि बढाईनेछ ।
- उद्योग, कलकारखानामा चाहिने जनशक्ति उत्पादन गर्न वीरगंजमा प्राविधिक कलेजको स्थापना गर्न वीरगंज उद्योग वाणिज्य संघ लगाएत संघीय, प्रदेश सरकार र अन्य निकायसँग समन्वय गरिनेछ ।
- घना वस्तीको बिचमा रहेको वीरगंज कारागारलाई अन्यत्र स्थानान्तरण गर्न संघीय सरकारसँग पत्राचार गरिनेछ । त्यसको विकल्पमा वीरगंज महानगरपालिकाले उपयुक्त ठाउँमा स्थान छनौटको लागि सहजीकरण गरिनेछ ।
- सिर्सिया करिडोर निर्माणको लागि त्यसको डिपिआर तयारगर्न संघीय सरकारलाई प्रस्ताव पेश गरिएको छ । सिर्सिया रिभर फ्रण्ट आयोजना लाई बहुवर्षिय लगानी योजना सहित यसक्षेत्रलाई आर्थिक, पर्यटकीय तथा वातावरणीय योजनाको रुपमा विकास गर्न संघीय सरकारसँग पहल गरिनेछ ।
- वीरगंजमा अन्तर्राष्ट्रिय स्तरको नगर सभाहल र व्यापारीक प्रर्दशनी केन्द्र स्थापनाका लागि संघीय र प्रदेश सरकारसँग समन्वय गरिनेछ । यसमा निजी क्षेत्रलाई समेत सहभागी गराईनेछ ।

- डिपिआर तयार भैसकेको परवानीपुर कृषि मण्डीको निर्माण गर्न संघीय सरकारसँग सहकार्य गरिनेछ ।
- संघ र प्रदेश सरकारसँगको सहकार्यमा अतिविपन्न गरिव र दलित समुदायको लागि आवास निर्माणका लागि विशेष पहल गरिनेछ ।
- वीरगंज महानगरपालिकाको लालपर्सामा रहेको सार्वजनिक ऐलानी जग्गामा ट्रान्सपोर्ट नगर निर्माणका लागि संघीय र प्रदेश सरकारलाई प्रस्ताव पेश गरिनेछ । यस कार्यका लागि वीरगंज उद्योग वाणिज्य संघ र ट्रान्सपोर्ट व्यवसायी विच सहकार्य गर्न सार्वजनिक निजी साभेदारी नीति अनुसार ट्रान्सपोर्ट नगर विकास गर्न मार्ग खुला राखिनेछ ।
- वीरगंज पथलैया औद्योगीक करिडोरको क्षेत्रगत विकासका लागि परवानीपुर गाउँ पालिका र जितपुर सिमरा उपमहानगरपालिका कार्यालयसँग समन्वय गरिनेछ ।
- वीरगंज मीनावजारमा रहेको साविकको जिल्ला शिक्षा कार्यालयको आवासीय भवनलाई महानगरपालिकाको मातहतमा ल्याउन र साविकको शैक्षिक तालिम केन्द्र वीरगंजको भवन सहितको संरचनालाई महानगरीय तालिम केन्द्रको रुपमा वीरगंज महानगरपालिका मातहत ल्याउन आवश्यक पहल गरिनेछ ।
- वीरगंज नगवा स्थित माइधिया पोखरीको सौन्दर्यीकरण र त्यस स्थानमा आकाशेपुल निर्माण गरि दोस्रो वाइपास सडक संचालनमा ल्याईनेछ ।
- कृषि प्राविधिक सहितको कृषि उपकेन्द्रहरु संचालन गर्न संघीय र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।
- पशु चिकित्सक( प्राविधिक) सहितको पशुसेवा केन्द्रहरु संचालन गर्न संघीय र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

५३) अन्त्यमा प्रस्तुत बजेट तर्जुमा गर्दा महत्वपूर्ण राय सुझाव दिन हुने संघीय तथा प्रदेशका माननीय सांसदज्यूहरु, राजनीतिक दलका नेतागण, वीरगंज उद्योग बाणिज्य संघका पदाधिकारी, नागरिक समाजका अगुवा व्यक्तित्वहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । त्यसैगरि महानगरको कार्यपालिका तथा नगरसभाका जनप्रतिनिधि साथीहरु, महानगरपालिकाका सल्लाहकारहरु, कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । महानगरको आर्थिक सामाजिक विकासमा निरन्तर सहयोग पुर्याउनु हुने करदाता, नगरवासी, बुद्धिजीवी, संचारकर्मी, विकासका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साभेदारहरु र स्थानीय प्रशासनप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । साथै यो बजेट कार्यक्रम कार्यान्वयनमा सवै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु ।

**धन्यवाद ।**